**कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित**

(शेयरमा सिमित दायित्व भएको)

# छ्याङ्दी हाइड्रोपावर लिमिटेड

**का.म.न.पा. वडा न ०२, समता मार्ग, गैरीधारा, काठमाण्डौं**

**फोन नं. : ०१ -४४२६४८३, ४४२४९२५**

URL:www.chpl.com.np

Email:info@chpl.com.np, chhyangdihydropowerltd@gmail.com

**को**

# विवरण-पत्र

**(धितोपत्र सम्बन्धी ऐन,२०६३ को दफा ३०, धितोपत्र दर्ता तथा नियमावली, २०७३ तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)**

**दरखास्तसाथ प्रति शेयर रु १००/- को दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

यस कम्पनीको जारी पूँजी रु. २७,००,००,०००/- (अक्षरुपी सत्ताईस करोड) रकम बराबरको प्रति साधारण शेयर रु १००/- अंकित दरका २७,००,००० कित्ता मध्ये २० प्रतिशतको दरले हुन आउने रु ५,४०,००,०००/- रकम बराबरका रु १००/- अंकित दरका ५,४०,००० कित्ता(१०,८०० साधारण शेयर कम्पनीका कर्मचारीहरुको लागि तथा ५ प्रतिशत अर्थात २७,००० कित्ता साधारण शेयरहरु सामुहिक लगानी कोषको निम्ती छुट्याएर सुरक्षित राखिएको र बाँकी ५,०२,२०० कित्ता साधारण शेयर सर्वसाधारणमा निष्काशन गरिएको) साधारण शेयरहरुको सार्वजनिक निष्काशन ।

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा **ग. ८** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धि निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमता वा धितोपत्रको मूल्यको वारेमा कुनै प्रकारको प्रत्याभूति गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**यस कम्पनीले जारी गर्न लागेको प्राथमिक निष्कासनलाई ईक्रा नेपाल लिमिटेडले औसत भन्दा तलआधारहरु (Fundamentals) जनाउने "[ICRANP] IPO Grade 4" ग्रेडिङ्ग प्रदान गरिएको छ ।सो सम्वन्धी विवरण यस विवरण-पत्रको दफा ग.२२ (ण) मा उल्लेख गरिएको छ ।**

**नेटवर्थ सम्बन्धी विवरण :**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | २०७०/०७१ | २०७१/०७२ | २०७२/०७३ | २०७३/०७४ | २०७४/०७५ | २०७५/०७६ |
| प्रति शेयर आम्दानी | - | - | (१.८८) | ५।६२ | ४।२१ | ७।०१ |
| प्रति शेयर नेटवर्थ (रु.) | - | - | ९८.१२ | १०४।३१ | १०३।७१ | १००।७२ |

नेपाल धितोपत्र वोर्डवाट विवरण-पत्र स्वीकृत भएको मिति :- २०७४/०१/११

कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति :- २०७४/०१/१२

**धितोपत्र निष्कासन खुल्ला मिति :- २०७४/०२/१४**

**धितोपत्र निष्कासन बन्द हुने मिति (छिटोमा) :- २०७४/०२/१८ बैकिङ्ग समय सम्म**

**धितोपत्र निष्कासन बन्द हुने मिति (अन्तिम) :- २०७४/०२/२८ बैकिङ्ग समय सम्म**

## निष्काशन तथा बिक्री प्रबन्धक:

ग्लोबल आइएमई क्यापीटल लिमिटेड
पो.ब.नं.२१५९९,राष्ट्रिय नाचघर (तेस्रो तल्ला
जमल, काठमाण्डौं ।
फोन नं. ४२२२४६० फ्याक्स नं.४२२२५३४
E-mail:info@gicl.com.np
URL: www.globalimecapital.com

## (ख) १. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीहरुको परिभाषा:

क) "विवरणपत्र" भन्नाले कम्पनी ऐन २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ ।

ख) "धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले श्री ग्लोवल आइएमई क्यापीटल लिमिटेड, जमल, काठमाण्डौंलाई सम्झनु पर्दछ ।

ग) "संगठित संस्था" भन्नाले निष्काशनकर्ता कम्पनी छ्याङ्दी हाइड्रोपावर लिमिटेड, गैरीधारा, काठमाण्डौलाई सम्झनु पर्दछ ।

घ) "संकलन केन्द्र" भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ ।

ङ) "निष्काशन बैंक" भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने वाणिज्य बैंकलाई सम्झनु पर्दछ ।

च) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल विद्युत प्राधिकरण तथा विद्युत विकास विभागलाई सम्झनु पर्दछ ।

छ) "संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यबस्थापन" भन्नाले छ्याङ्दी हाइड्रोपावर लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यबस्थापनलाई सम्झनु पर्दछ ।

ज) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

## (ख) २ विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान :

यस विवरण-पत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि देहाय बमोजिमको स्थानमा दरखास्त पाउन, रकम जम्मा गर्न र दरखास्त बुझाउन सकिने व्यवस्था गरिएको छ ।

| सि. नं. | दरखास्त आवेदन फारम प्राप्त गर्ने तथा बुझाउने स्थान |
|---|---|
| १ | श्री ग्लोवल आइएमई क्यापीटल लि., जमल, काठमाण्डौं । |
| २ | छ्याङ्दी हाइड्रोपावर लिमिटेड, का.म.न.पा. वडा न ०२, समता मार्ग, गैरीधारा, काठमाण्डौं |
| ३ | श्री ग्लोवल आइएमई बैंक लिमिटेडको शाखा कार्यलयहरु कमस (१) आर्दशनगर १३, वीरगंज पर्षा (२) न्यूरोड, पोखरा, कास्की (३) पुष्पलालचोक, नेपालगंज, बाँके (४) विराटनगर, मोरङ्ग(५) मिलनचोक, बुटवल (६) धनगडी, कैलाली (७) महेन्द्रनगर, कञ्चनपुर, (८) विर्तामोड, झापा । |
| ४ | नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरु । |

उपरोक्त स्थानहरु बाहेक धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकद्वारा अन्य माध्यम मार्फत सूचित गरिने संकलन केन्द्रहरुको रुपमा कार्य गरी नियुक्त वित्तीय संस्थाहरुमा आवेदन फारम तथा विवरणपत्र वितरण र आवेदन फारम साथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । सार्वजनिक निष्काशनका क्रममा संकलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा सम्बन्धित निष्काशन तथा विक्री प्रबन्धक ग्लोवल आइएमई क्यापीटल लिमिटेड, जमल, काठमाण्डौंको नाममा खिचिएको एकाउन्टपेयी ड्राफ्ट साथ शेयरको दरखास्त फारम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी १५ दिन भित्र पठाएका निवेदनहरुलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ ।

## (ग). १ धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई निष्काशनकर्ता कम्पनी तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्नेमा विश्वस्त भई हामीले यो विवरणपत्र स्विकृतीका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्वन्धि ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

## (ग). २ संगठित संस्थाको उद्घोषण :

### (ग).२.(क) संचालकको जिम्मेवारी तथा जवाफदेहीता सम्बन्धी :

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमतिको प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी समुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

### (ग).२.(ख)संगठित संस्थाको जवाफदेहिता सम्बन्धी :

यस छ्याङ्दी हाइड्रोपावर लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक कम्पनीको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता यस कम्पनीमा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

### (ग).२.(ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी :

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालयको शेयर निष्काशन सम्बन्धी तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै शेयर निष्काशन गर्ने प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेको व्यहोरा जानकारी गराउँदछौं ।

### (ग).२. (घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :

(क) यस कम्पनीको संस्थापक, संचालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(ख) यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख कालोसूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(ग) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख छैनन् ।

(घ) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख छैनन् ।

(ङ) यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख, धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा कार्यकारी प्रमुख हुन अयोग्य रहेका छैनन् ।

## (ग).३ संगठित संस्था सम्वन्धी जानकारीः

### ग.३.(क) संगठित संस्थाको पृष्ठभूमिः

**अ) कम्पनीको नाम** : छ्याङ्दी हाइड्रोपावर लिमिटेड

**CHHYANGDI HYDROPOWER LIMITED**

**आ) कम्पनी कुन ऐन अन्तर्गत स्थापना भएको सो कुरा** : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**इ) रजिष्ट्रर्ड कार्यालय** : यस कम्पनीकोरजिष्ट्रर्ड कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा. वडा.नं २, समता मार्ग, गैरीधारा, काठमाण्डौमा रहेको छ । आवश्यकतानुसार सम्बन्धित निकायबाट स्वीकृति लिई अन्य ठाँउमा पनि शाखा तथा बिद्युत आयोजनाहरु सञ्चालन गर्न सकिनेछ ।

**ई) जलविद्युत केन्द्र** : कम्पनीको जल विद्युत उत्पादन केन्द्र लमजुङ्ग जिल्लाको बन्सार र फलेनी गा.वि.स.मा रहेको छ ।

**उ) कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र कम्पनीको मुख्य उदेश्यहरु :-**

- छ्याङ्दी हाइड्रोपावर कम्पनी लिमिटेड प्रचलित कानून बमोजिम २०६४ साल भाद्र १६ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि.कम्पनीको रुपमा दर्ता भै मिति २०७१ आषाढ ३० गते देखि पब्लीक कम्पनीमा परिणत भै कम्पनी ऐन २०६३ र विद्युत ऐन २०४९ अन्तर्गत काम/कारोबार गर्दै आइरहेको छ ।
- कम्पनीको प्रवन्धपत्र र नियमावलीमा व्यवस्थाभए बमोजिम जारी पूँजीको १० % शेयर उद्योग प्रभावित क्षेत्र (आयोजना प्रभावित लमजुङ्ग) का बासिन्दाहरुलाई निष्काशन गरी बाँडफाँट गरिसकेको र २० प्रतिशत शेयर कर्मचारीतथा सर्बसाधरण लाई निष्काशन गर्ने व्यवस्था गरिएको छ ।
- यसकम्पनीले छन्दी खोला साना जलबिद्युत आयोजनाले मिति २०७२/१२/१३ गते देखि २ मेगावाट विद्युत उत्पादन गरी विक्री गरिरहेको छ ।
- यस कम्पनीले छन्दी खोला साना जलबिद्युत आयोजको प्रति मेगावाट लागत रु. २२,१४,१४,११४/– गरी कुल लागत रु. ४४,२८,२८,२२८/– मा निमार्ण संम्पन्न भईसकेको छ । साथै यस आयोजनाको लगानिको payback period १०.२२ बर्ष रहेको छ ।
- कम्पनीबाट उत्पादन गरिएको सबै विद्युत शक्ति एकमुष्ट नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मन्जुर गरी कम्पनी र प्राधिकरण बीच २०६८ साल चैत्र २३ गते (१७०० कि.वा.) र २०७२ साल बैशाख ०२ गते (३०० कि.वा.) गरि जम्मा २००० कि.वा. विद्युत खरिद विक्री सम्झौता सम्पन्न भइसकेको छ ।

**कम्पनीको मुख्य उद्देश्यहरुः**

(क) विद्युत विकासको लागि विद्युत उत्पादन, प्रशारण तथा वातावरणको सम्भाव्यता अध्ययन, विस्तृत ईन्जिनियरिङ्ग डिजाईन, अन्वेषण तथा सर्वेक्षणको कार्य गर्ने, गराउने ।

(ख) उपयुक्त साना तथा मझौला आयोजनाहरुको संचालन गरि विद्युत उत्पादन गर्ने तथा उत्पादित विद्युत शक्तिको बिक्री वितरण गर्ने ।

(ग) उत्पादित विद्युत तथा अन्य उर्जा शक्ति वितरण गर्न आवश्यक प्रशारण तथा वितरण लाईन निर्माण गर्ने, संचालन गर्ने ।

(घ) विद्युत आयात तथा निर्यात गर्ने तथा आवश्यकता अनुसार लिजमा लिने दिने ।

(ङ) नेपाल राज्यमा विद्युत उत्पादनका लागि आवश्यक पुर्वाधारको विकास गरी विविध क्षमताका विद्युत उत्पादन गर्ने ।

(च) नेपालमा विद्युत उत्पादन गर्नको लागि सम्बधित क्षेत्रमा लगानी गर्ने ।

(छ) बिदेशी उपकरण तथा प्रबिधिक जनशक्ति समेतको व्यवस्था गर्ने ।

(ज) नेपाल बिद्युत प्रधिकरण तथा अन्य निजि क्षेत्रका जलविद्युत आयोजनाहरुबाट उत्पादित विद्युत लिजमा भाडामा लिई वा खरिद गरि विद्युत सेवा संचालन गर्ने र सामुदायिक रुपमा विद्युत बितरणको कार्य गर्ने ।

(झ) नेपालका नदि,नाला, छहराहरुको अध्ययन, अनुसन्धान गर्न बिस्तृत सर्बेक्षण गर्ने ।

(ञ) समान उद्देश्य भएका अन्य कम्पनी तथा फर्महरु संग सम्पर्क गरि कार्य गर्ने ।

**ऊ) कम्पनीको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा)ः नभएको**

**ए) देहायका कुराहरु समेत उल्लेख गर्नुपर्ने (लागु हुने हदसम्म) :**

(१) कम्पनीले उत्पादन गर्ने बस्तु वा प्रदान गर्ने सेवाहरु : साना तथा मझौला जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने ।

(२) प्रयोग भएको वा गरिने विधि : जलस्रोतबाट जलविद्युत उत्पादन गर्ने ।

(३) कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार : नभएको ।

(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र : उत्पादित बिद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई विक्री गर्ने ।

(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना : थप नयाँ जलविद्युत आयोजनाहरुको विकास गर्ने ।

(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका : विद्युत खरीद विक्री सम्झौता अनुसार नेपाल विद्युत प्राधिकरणलाई विद्युत विक्री गर्ने ।

(७) उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति : २,००० किलोवाट क्षमताको जलविद्युत केन्द्र निर्माण कार्य सम्पन्न भई मिति २०७२/१२/१३ गते देखि ब्यापारिक विद्युत उत्पादन प्रारम्भ गरिएको छ ।

(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता : छन्दी र घट्टेखोलाबाट प्राकृतिक बहावमा आधारित पानी ।

(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था : जलविद्युत संरचना र बिद्युत उपकरणहरु उपयुक्त अवस्थामा राख्न आवश्यक व्यवस्था गरिएको छ ।

(१०) अनुसन्धान तथा विकास : नयाँ आयोजनाहरुको अध्ययन, विश्लेषण एवं विकास कार्य भइरहेको छ ।

(११) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान : नभएको ।

(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण : नभएको ।

(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति : एक मात्र विद्युत खरीदकर्ता नेपाल विद्युत प्राधिकरण रहेको छ ।

(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण : नेपाल बिद्युत प्राधिकरण ।

(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण : यस आयोजनाको जलविद्युत केन्द्रमा जडित इलेक्ट्रोमेकानिकल उपकरणहरुको Spare Parts को लागि मात्र फ्रान्सको निर्माता कम्पनी मेकामिडी एचपिपि इन्डीया प्र.लि. **(MECAMIDI HPP INDIA PVT.LTD.)** संग निर्भर रहनु पर्ने ।

**(ग).३.(ख) कम्पनीको सम्पत्ति सम्बन्धी विवरण :**

क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था : कम्पनीको स्वामित्वमा छन्दीखोलामा रहेको प्लाण्ट तथा उपकरणहरु फलेनी गा.वि.स. स्थित विद्युत गृहमा जडान भईरहेको अवस्थामा रहेका छन् । विद्युत उत्पादन केन्द्रका सिभिल संरचनाहरु बन्सर तथा फलेनी गा.वि.स. दारिमबोट, लमजुङ्गमा रहेका छन् । हाल सम्म कम्पनीको नाममा श्रृजना भइसकेको चल अचल सम्पत्तिको विवरण यस प्रकार छ ।

| सम्पत्ति | रुकम (रु) २०७३ अषाद मसान्त |
|---|---|
| खुद स्थिर सम्पत्ति | ४४४,७४१,६१३।८९ |
| चालु पुजींगत कार्य (माथिल्लो छन्दीखोला) | २३,२०६,६८४।९५ |
| लगानी | - |
| चालु सम्पत्ति | |
| सण्ड्री डेवटर्स | १०,१२०,३२३।९१ |
| नगद तथा बैंक मौज्दात | ६०६,७३१।२४ |
| अग्रिम भुक्तानी रकम र पेश्कि | ६,२५१,७४५।३० |
| **जम्मा सम्पत्ति** | **४८४,९२७,०९९।२९** |

खुद स्थिर सम्पत्तिको बिस्तृत बिवरण यस प्रकार छ ।

| **गुप्र“ बि” कार्यालय सम्पति** | **रकम रु. हजारमा** (२०७३ अषाद मसान्त) |
|---|---|
| कंम्पुटर | ३३०।३० |
| टिभि | ३२।०८ |
| राउटर | ३।४५ |
| सि.सि. क्यमेरा | ७।०६ |
| फर्निचर | १३३।७९ |
| कार्यालय सामाग्रि | ४०।७७ |
| प्रिन्टर | २७।५० |
| **गुप्र “सि”**गाडि | २,८००।०० |
| **गुप्र “डि” अन्य** | |
| टपकन सर्भे मेसिन | |

| | |
|---|---|
| | ४५७।३१ |
| भ्याकुम किल्नर | ६।७६ |
| ग्याँस सिलिन्डर | ११।२१ |
| ग्याँस हिटर | ९।५० |
| इन्भर्टर | ६५।४० |
| युपियस | ६।२३ |
| हलोजन लाइट | १२।४५ |
| ड्रिल मेसीन | ३४।७८ |
| पंम्प | ४।७५ |
| मोटरसाइकल | २२२।६२ |
| **गुप्र "ङ"**<br>टेलि संफ्टेयर | ३२।२७ |
| पावर पलान्ट (छन्दी खोला साना जलबिद्युत आयोजना) | ४४०,५०३।३८ |
| **जंम्मा** | ४४४,७४१।६१ |

ख) बुदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नु पर्ने) :आफ्नै सम्पत्ति भएको र लिजमा नलिएको ।

ग) यदि सम्पत्ति संगठित संस्थाको स्वमित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण : कम्पनीको स्वामित्वमा रहेको सम्पत्ति आयोजना सञ्चालन तथा निर्माणको निमित्त लिएको कर्जाको लागि लिड बैंक, बैंक अफ काठमाण्डौं लु. लि. मा मोर्टगेजमा रहेको छ ।

घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण : कम्पनीको सम्पत्तिहरुको मूल्य परल मोलमा नै राखिएको र पुनर्मूल्यांकन गरिएको छैन ।

ङ) सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण : लागु नहुने ।

## (ग).३.(ग) भावी योजना तथा रणनीति :

### (क) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तीका लागि चालिने समयवद्ध रणनीति :

१. कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत विकाशमा एक अग्रणि कम्पनीको रुपमा स्थापित गर्दै नेपालको जलस्रोतको अधिकतम् उपयोग गरी अधिकतम् विद्युत उत्पादन गर्दै नेपाल विद्युत प्राधिकरणलाई विक्री बितरण गर्ने ।

२. यस कम्पनीले प्रर्बद्धन गरेको छन्दिखोला साना जलबिद्युत आयोजना २ मे.वा. को निमार्णकार्य संम्पन गरिसकेको छ । लमजुङ्ग जिल्ला फलेनी तथा बन्सार गा.बि.स भएर बहने छन्दी तथा घट्टे खोला को पानीलाई २.४ कि.मि. लामो पेनस्टक पाइप मार्फत बिद्युतगृहमा लगी बिद्युत उत्पादन गरिएको छ । मिति २०७२ साल

चैत्र १३ गतेदेखि यस आयोजनाले राष्ट्रिय प्रशारण मार्फत नेपाल बिद्युत प्रधिकरण लाई बिद्युत बिक्री बितरण गरिरहेको छ ।

३. कम्पनीले यसै आयोजना को माथिल्लो भागमा माथिल्लो छन्दी खोला साना जलबिद्युत आयोजना (४००० कि.वा.) को निमार्ण गर्नको लागि विद्युत विकास विभाग बाट विद्युत उत्पादनको सर्बेक्षण अनुमति पत्र प्राप्त गरि विद्युत खरिद बिक्री सम्झौता (PPA) को लागि नेपाल विद्युत प्रधिकरण संग आवश्यक प्रकृया अगाडि बढाईरहेको छ ।

४. कम्पनिले आफ्नो उद्देश्य प्राप्तिका लागि ब्यवसायिक रुपमा संम्भाब्य देखिएको अन्य आयोजना हरुमा लगानि तथा प्रबर्धन गर्ने ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**

कम्पनीको आर्थिक स्थीति हालको अवस्थाको वारेमा बुँदा (ग) ९ मा उल्लेख गरिएकोछ । कम्पनीले विद्युत व्यवसायमा आफुले अगाडि सारेका आयोजनाको विद्युत उत्पादन गर्नु र सम्भाव्य अन्य आयोजनाको पहिचान र विकास गर्नु भएकोले अन्य बस्तुको जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन ।

कम्पनीको मुख्य कार्य विद्युत उत्पादन गर्नु भएकोले देशको वर्तमान विद्युत संकटको कारणले गर्दा विद्युत बजारको प्रचुर सम्भावना समेत रहेको हुँदा व्यवसायको भविष्य उज्वल रहेको छ ।

**(ग).३.(घ) संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धि व्यवस्था:**

कम्पनीको नियमावलीको नियम ३१ मा देहाय बमोजिमका ७ (सात) जना संचालक सदस्य रहेको एक संचालक समिति हुने व्यवस्था रहेको छ :

| | | |
|---|---|---|
| क) | **"क"समूहमा रहेका संस्थापक समुहबाट** मनोनित / निर्वाचित | ४ जना |
| ख) | **"ख"समूहमा रहेका** सर्वसाधारण शेयरधनीहरु बाट | २ जना |
| ग) | **स्वतंन्त्र व्यवसायिक विशेषज्ञ** | १ जना |

घ) **संचालक हुनका लागि लिनुपर्ने न्यूनतम शेयर सख्या :**

यस कम्पनीको संचालकको पदमा नियुक्ति हुनको लागी कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा १०० ( एक सय) कित्ता शेयर लिएको हुनु पर्दछ । तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

## (ग).४ पूँजी संरचना सम्वन्धि जानकारी:

### (क) पूँजीको संरचना :-

**१) अधिकृत पूँजी(Authorised Capital):**

कम्पनीको अधिकृत पूँजी रु. ५०,००,००,०००/- (पचास करोड मात्र ) हुने छ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका ५०,००,००० (पचास लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**२) जारी पूँजी(Issued Capital):**

कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु. २७,००,००,०००/- (सताइस करोड मात्र) हुने छ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले २७,००,००० (सताइस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**३) चुक्ता पुँजी :** यस कम्पनीको चुक्ता पुँजीरु. २१,६०,००,०००/-(अक्षेरुपी एक्काइस करोड साठि लाख मात्र) छ जसमध्य संस्थापक शेयर रु. १८,९०,००,०००।- (अक्षेरुपी रु. अठार करोड नब्बे लाख मात्र) रहेको छ । जसलाई प्रति शेयर रु. १००/–का दरले जम्मा १८,९०,००० (अठार लाख नब्बे हजार थान) कित्ता संस्थापक शेयरमा विभाजन गरिएको छ । यस बिवरण पत्र मार्फत सर्बसाधाणहरुलाई रु. ५,४०,००,००० ( अक्षेरुपी पाँच करोड चालिस लाख मात्र) जारी गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु.२७,००,००,००० ।- ( अक्षेरुपी सत्ताइस करोड मात्र) हुनेछ ।

**(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोहि अनुरुप)**

सर्वसाधारणहरुलाई शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात कम्पनीको पूँजी संरचना :

| समूह | शेयरधनीहरु | शेयर संख्या | पूँजी संरचना | चुक्ता पूँजी रकम ( रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनी | १८,९०,००० | ७०% | १८,९०,००,०००/- | शतप्रतिशत |
| ख | स्थानिय शेयरधनि( उद्योग/आयोजना प्रभावित लमजुङ्ग जिल्ला का बासिन्दा) | २,७०,००० | १०% | २,७०,००,०००/- | शतप्रतिशत |
| ग | सर्बसाधरणशेयरधनीहरु (कर्मचारीहरु समेत) | ५,४०,००० | २०% | ५,४०,००,००० /- | |
| | **जम्मा** | **२७,००,०००** | **१००%** | **२७,००,००,०००/-** | |

## (ग).५ संस्थापक/संचालक सम्वन्धि जानकारीः

### (ग).५.(क) संस्थापक/संचालकहरुको पृष्ठभूमी :

(१) आधारभुत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव :

आधरभुत शेयरधनीहरुको विवरण :

| क्र.सं. | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व कित्ता | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १. | क्याप्टेन रामेश्वर थापा | अध्यक्ष | ५० बर्ष | नेपाली | कुसादेवी ४, काभ्रेपलान्चोक | १००,००० | बिणता प्रमाणपत्र, प्रशिक्षक बिमान चालक | अन्नपुर्ण पोष्ट प्रालि मा अध्यक्ष तथा प्रबन्धक निर्देशक, सिम्रीक एयरलाईन्स मा कार्यकारि अध्यक्ष, स्पेश एयर प्रा.लि.मा प्रवन्ध संचालक, कस्मिक एयर प्रा.लि.मा ,निर्देशक तथा एभरेष्ट एयर प्रा.लि.मा सम्योजक पदमा रहि लामो समय सम्मको कार्यनुभव, कान्तिपुर मिडिया ग्रुपमा आबद्ध, नेपालको प्रबुद्ध व्यक्तिको रुपमा परिचित, साथै विभिन्न संस्थाहरु बाट सम्मानित । |
| २. | श्री अमरनाथ श्रेष्ठ | संचालक | ५४ वर्ष | नेपाली | बुधबारे ९ झापा | १०५,००० | मानबिकि बिषयमा स्नातक | अध्यक्ष -अटो ग्यालरी प्रा.लि. र इम्पलाईमेण्ट लिंक नेपाल प्र.लि |
| ३. | श्री राजेन्द्र बहादुर सिंह | संचालक | ४६ वर्ष | नेपाली | थालीगडा २, बैतडी | २५५०० | ब्यवस्थापन बिषयमा स्नातकोतर र इन्जिनियरिङ बिषयमा स्नातक | सिम्रीकएयर प्रा. लि. मा प्रबन्धक निर्देशक, अध्यक्ष मिडिया स्पेश सोलुसन प्रा. लि. र नेपाल न्युज नेटबर्क प्रा.लि मा संञ्चालक पद मा कार्यरत । |
| ४. | श्री उदय कुमार पिया | संचालक | ८६ वर्ष | नेपाली | नारायणगढ, १ चितवन | १,६५,००० | स्वअध्ययन | कन्या स्कुल नारायणगढ र विरेन्द्र क्याम्पसको संस्थापक तथा संचालक समितिको सदस्यमा बसि कार्यगरेको अनुभव । |
| ५. | श्री अशोक बुढाथोकी | संचालक | ५३ वर्ष | नेपाली | गरामुनी ७ झापा | २४,००० | ब्यबस्थापन र मानबिकि बिषयमा स्नातकोतर तथा बिज्ञान संकायमा स्नातक | श्री क्यापिटल मर्चेण्ट बैंकिङ्ग तथा फाइनान्स लि.मा ३ वर्ष र नेपाल फाइनान्स लि.मा ८ वर्ष कार्यनुभव । हाल सगरमाथा फाईनान्स लि.मा प्रमुख संचालन अधिकृत रुपमा कार्यारत । |

| क्र.सं. | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व कित्ता | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| ६. | श्री मन्दिल प्रधान | संचालक | ३३ वर्ष | नेपाली | काठमाण्डौं ४ | ७०,००० | मानबिकि बिषयमा स्नातक | विगत ४ वर्ष देखि श्री हिमालयन राईडस् प्रा.लि.मा प्रवन्ध संचालको पदमा रहि कार्यारत । |
| ७. | श्री लाल बहादुर थापा | कार्यकारी संचालक | ४४वर्ष | नेपाली | ह्वाकु ८, तेह्रथुम | ५०,००० | व्यबस्थापन बिषयमा स्नातक | पर्यटन व्यवसयमा १२ वर्ष भन्दा बढिको अनुभव, तथा संस्थापक/संचालक- अटो ग्यालरी प्रा.लि. |
| ८. | श्रीमती अनु पिया | आधारभुत शेयर धनि | ४७ बर्ष | नेपाली | भरतपु ३, चितवन | ३०,००० | इन्जिनियरिङ बिषयमा स्नातकोटर( कम्पुटर) | डाइनामिक इन्टरनेशनल टेक्नोलोजि प्रा.लि मा आइटि कन्सलटेन्ट |
| ९ | क्याप्टिभ इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. | आधारभुत शेयर धनि | दर्ता नं ९१४९१/६८/६९ | नेपाली कम्पनी | का.म.न.पा. १६ | ५०,००० | – | कम्पनीको उद्देश्यः शेयरकारोबार,घरजग्गा रियल स्टेट कारोबार,डेरिभेटिभ तथा म्युचल फन्ड लगायत बिभिन्न क्षेत्रमा लगानि सम्बन्धि कार्य गर्ने,संञ्चालक : श्री राजिब प्रसाद प्याकुरेल र केशब मिश्र रहनु भएको छ । |
| १० | श्रीमती रुपमति श्रेष्ठ | आधारभुत शेयर धनि | ५३ | नेपाली | चितवन रत्ननगर ९ | ८१,१३० | नसिङ्ग बिषयमा स्नातक र मानबिकि बिषयमा स्नातकोतर | बि.पि. मेमोरियल हेल्थ इन्टिच्युट एण्ड रिर्चस सेन्टर मा संचालक |
| ११ | श्री उत्सब पिया | आधारभुत शेयर धनि | १९ | नेपाली | भरतपु ३, चितवन | २९,००० | ए लेबल उतिर्ण | विभिन्न व्यवसायमा संलग्न भएको |

**सञ्चालकहरुको विवरण :**

| क्र. सं. | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व कित्ता | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १. | क्याप्टेन रामेश्वर थापा | अध्यक्ष | ५० बर्ष | नेपाली | कुसादेवी ४, काभ्रेपलान्चोक | १००,००० | प्रबिणता प्रमाणपत्र, प्रशिक्षक बिमान चालक | अन्नपुर्ण पोष्ट प्रा.लि. मा अध्यक्ष तथा प्रबन्धक निर्देशक, सिम्रीक एयरलाईन्स मा कार्यकारि अध्यक्ष, स्पेश एयर प्रा.लि.मा प्रवन्ध संचालक, कस्मिक एर प्रा.लि.मा ,निर्देशक तथा एभरेष्ट एयर प्रा.लि.मा सम्योजक पदमा रहि लामो समय सम्मको कार्यनुभव, कान्तिपुर मिडिय ग्रुपमा आबद्ध, नेपालको प्रबुद्ध व्यक्तिको रुपमा परिचित, साथै विभिन्न संस्थाहरु बाट सम्मानित । |
| २. | श्री अमरनाथ श्रेष्ठ | संचालक | ५४ वर्ष | नेपाली | बुधबारे ९ झापा | १०५,००० | मानबिकि बिषयमा स्नातक | अध्यक्ष -अटो ग्यालरी प्रा.लि.र इम्पलाईमेण्ट लिंक नेपाल प्र.लि . |
| ३. | श्री राजेन्द्र बहादुर सिंह | संचालक | ४६ वर्ष | नेपाली | थालीगडा २, बैतडी | २५५०० | व्यवस्थापन बिषयमास्नातकोतर र इन्जिनियरिङ बिषयमा स्नातक | सिम्रीक एयर प्रा लि मा प्रबन्धक निर्देशक, अध्यक्ष मिडिया स्पेश सोलुसन प्रा लि र नेपाल न्युज नेटबर्क प्रा.लि मा संञ्चालक पद मा कार्यरत । |
| ४. | श्री उदय कुमार पिया | संचालक | ८६ वर्ष | नेपाली | नारायणगढ, १ चितवन | १,६५,००० | स्वअध्ययन | कन्या स्कुल नारायणगढ र विरेन्द्र क्याम्पसको संस्थापक तथा संचालक समितिको सदस्यमा बसि कार्यगरेको अनुभव । |
| ५. | श्री अशोक बुढाथोकी | संचालक | ५३ वर्ष | नेपाली | गरामुनी ७ झापा | २४,००० | व्यबस्थापन र मानबिकि बिषयमा स्नातकोतर तथा बिज्ञन संकायमा स्नातक | श्री क्यापिटल मर्चेण्ट बैंकिङ्ग तथा फाइनान्स लि.मा ३ वर्ष र नेपाल फाइनान्स लि.मा ८ वर्ष कार्यनुभव । हाल सगरमाथा फाईनान्स लि.मा प्रमुख संचालन अधिकृत रुपमा कार्यारत । |
| ६. | श्री मन्दिल प्रधान | संचालक | ३३ वर्ष | नेपाली | काठमाण्डौं ४ | ७०,००० | मानबिकि बिषयमा स्नातक | विगत ४ वर्ष देखि श्री हिमालयन राईडस् प्रा.लि.मा प्रवन्ध संचालको पदमा रहि कार्यारत । |
| ७. | श्री लाल बहादुर थापा | कार्यकारी संचालक | ४४वर्ष | नेपाली | ह्वाकु ८, तेह्रथुम | ५०,००० | व्यबस्थापन बिषयमा स्नातक | पर्यटन व्यवसयमा १२ वर्ष भन्दा बढिको अनुभव, तथा संस्थापक/संचालक- अटो ग्यालरी प्रा.लि. |

(२) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण **(Profile) र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना (प्राकृतिक व्यक्ति नखुले सम्म) :**

संस्थागत संस्थापक (संस्थापक शेयरहोल्डर)

| क्र. सं. | शेयरधनीको नाम | ठेगाना | कम्पनीको उद्देश्य |
|---|---|---|---|
| १ | क्याप्टिभ इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.<br>श्री राजिब प्रसाद प्याकुरेल - संचालक<br>केशब मिश्र - संचालक | काठमाण्डौं । | शेयरकारोबार,घरजग्गा रियल स्टेट कारोबार,डेरिभेटिभ तथा म्युचल फन्ड लगायत बिभिन्न क्षेत्रमा लगानि सम्बन्धि कार्य गर्ने । |
| २ | स्काई टच इन्भेन्टमेन्ट एण्ड कन्सलटेन्ट प्रा.लि.<br>श्रीअम्बिका प्रसाद पौडेल- संचालक | धापासी, काठमाण्डौं । | सबै क्षेत्रका कंम्पनी हरुको प्रथमिक तथा दोस्रो बजार मार्फत शेयर खरिद बिक्रि गर्ने,उत्पादनमुलक तथा सेबामुलक एंवम् अन्य कम्पनिहरुको संस्थापना गर्ने,त्यस्ता कम्पनीहरुको शेयमा लगानि गर्ने । |

(३) संगठित संस्थाको संचालक अन्य कुनै कम्पनी संस्था, कोष संगठनसंग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम ठेगाना :

कम्पनीका सञ्चालकहरू आवद्ध रहेका अन्य कम्पनी, संस्था, कोष, संगठन वा फर्महरुको विवरण देहाय अनुसार छ :

| क्र.सं. | नम | संलग्न रहेको संस्था, फर्म र कम्पनीहरु |
|---|---|---|
| १ | क्याप्टेन रामेश्वर थापा | अन्नपुर्ण पोष्ट प्रा.लि, – अध्यक्ष तथा प्रबन्धक निर्देशक<br>सिम्रीक एयरलाईन्स प्रा.लि. – कार्यकारी अध्यक्ष |
| २ | श्री अमरनाथ श्रेष्ठ | अटो ग्यालरि प्रा.लि. – अध्यक्ष |
| ३ | श्री राजेन्द्र बहादुर सिंह | सिता एयर प्रा लि. – प्रबन्धक निर्देशक<br>मिडिया स्पेश सोलुसन प्रा.लि. – अध्यक्ष |
| ४ | श्री अशोक बुढाथोकी | सगरमाथा फाईनान्स लि.– प्रमुख संचालन अधिकृत |
| ५ | श्री मन्दिल प्रधान | हिमालयन राईडस् प्रा.लि.– प्रवन्ध संचालक |
| ६ | श्री लाल बहादुर थापा | अटो ग्यालरि प्रा.लि, – संचालक |

(४) संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :

(क) कम्पनीले, कम्पनी ऐन २०६३ को अधिनमा रही अधिकृत पुंजी तथा जारी पुंजी वृद्धी गर्न र साधारण शेयर विक्री गरी पुंजी उठाउन सक्नेछ । तर त्यसरी शेयर विक्री गर्दा कम्पनीको प्रबन्धपत्र दफा ६ को खण्ड (घ) वमोजिम जारी पुंजीको ३० प्रतिशत शेयर सर्वसाधारणका निमित्त सुरक्षित गरिनेछ ।

(ख) कम्पनीले प्रचलित कानुनको अधिनमा रही आफ्नो शेयर व्यक्ति, फर्म वा संगठित संस्थालाई विक्री गर्न सक्नेछ ।

(ग) "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम (९) को उपनियम (४) मा भएको व्यबस्था अनुरुप धितोपत्र सार्वजनिक निष्काशन गर्न सक्ने गरी स्थापित संगठित संस्थाका सर्वसाधारण बाहेक अन्य समूह (संस्थापक र अन्य समूह) ले लिएको शेयर सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन बर्षको अवधि पूरा नभई बिक्री गर्न पाइने छैन ।

(घ) सर्वसाधारणले शेयर खरिद गर्दा १० अंकले भाग गर्दा शेष नरहने गरी न्यूनतम ५० कित्ता शेयर वा अधिकतममा विवरणपत्रमा तोकिए बमोजिम शेयर खरिद गर्नका लागी निवेदन गर्न सकिनेछ । तर हकप्रद शेयर र बोनस शेयरको हकमा यो बन्देज लागू हुने छैन ।

( ङ ) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था प्रचलित कम्पनी कानून र धितोपत्र कारोवार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

### (ग).५.(ख) संस्थापक/संचालकसंगको कारोबार :

क) संगठित संस्थाबाट कुनै संस्थापक/संचालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए वापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण : संस्थापक श्री लाल बहादुर थापा कम्पनीको कार्यकारी सञ्चालक पदमा कार्यरत रहनुभएको छ निजले उक्त पदमा रही सेवा गरे वापत निम्न अनुसारको सुविधाहरु प्राप्त गर्नु भएको छ ।

तलव १२,७०,०००।-(आ.ब.०७२।७३)
भत्ता: छैन
अन्य सुविधा : छैन

ख) बुँदा (क) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका : साधारण सभाको निर्णय वमोजिम ।

**(ग).६ सीमित दायित्व सम्बन्धी विवरण :**

यस कम्पनीको स्थापना प्रचलित कानून अन्तर्गत पब्लिक लिमिटेड कम्पनीको रुपमा भएको हो । यसमा शेयरधनीहरुको दायित्व निजहरुले खरीद गरेको वा गर्न कबुल गरेको शेयरको अंकित मूल्य रकमसम्म मात्र सिमित रहनेछ ।

**(ग).७ संगठित संस्थाको कर्मचारी सम्वन्धि जानकारी :**

**(ग).७.(क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरु सम्वन्धी विवरण:**

क) संगठित संस्थाको उच्च ब्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरुको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने सम्बन्धी विवरण :

| क.सं. | नाम | नियुक्ति मिति | पद | शैक्षिक योग्यता र अनुभव | कम्पनीमा लिएको शेयर संख्या | लगानीको विवरण |
|---|---|---|---|---|---|---|
| १. | लाल बहादुर थापा | २०६९।११।१५ | कार्यकारी संचालक | व्यबस्थापन बिषयमा स्नातक गरिपर्यटन व्यवसायमा १२ वर्ष भन्दा बढिको अनुभव | ५०,००० | |
| २. | शरद कुमार पौडेल | २०६९।११।१५ | परियोजना प्रमुख (साइट इन्चार्ज) | व्यबस्थापन बिषयमा प्रबिणता प्रमाणपत्र तह उत्तीण गरि जलबिद्युत क्षेत्रमा १० बर्षको अनुभव | १,२५० | |
| ३ | सुशिल पौडेल | २०७१।०१।०२ | लेखा अधिकृत | व्यबस्थापन बिषयमा स्नातकोतर गरिलेखा क्षेत्रमा ४ वर्ष भन्दा बढिको अनुभव | - | |

ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ वर्ष अगाडीको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो उल्लेख गर्नुपर्नेः सो नभएको ।

ग) कर्मचारी संख्याः २८ जना

स्थायी : १०

अस्थायी : १८

**(ग).७. (ख) संचालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरणः**

**क) सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा :**

अ) कम्पनीका संचालकहरुलाई संचालक समितिको बैठकमा भाग लिए वापत साधारण सभा वाट पारित भए वमोजि सुविधा प्रदान गरिनेछ ।

**ख) संगठित संस्थाको उच्च व्यवस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक वर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तानी गरिएको रकम :**

| **सि.नं.** | **नाम** | **पद** | **वार्षिक तलव भत्ता (रु.)** | **अवधि** |
|---|---|---|---|---|
| १. | लाल बहादुर थापा | कार्यकारी संचालक | १२,७०,००० | आ.ब.७२।७३ |
| २. | शरद कुमार पौडेल | परियोजना प्रमुख(साइट इन्चार्ज) | ४,४५,००० | आ.ब.७२।७३ |
| ३. | सुशिल पौडेल | लेखा अधिकृत | ३,४४,००० | आ.ब.७२।७३ |

**ग) कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :** हाल सम्म त्यस्तो कुनै करार गरिएको छैन ।

**(ग).८. अन्तर्निहित जोखिम तथा सो मा व्यवस्थापनका लागि व्यवस्थापनको धारणाः**

संगठित संस्थाले बहन गरेको वा गर्ने जोखिमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिर प्रमुख रुपमा देहायका जोखिमहरु रहेका छन् ।

(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :
- संचालनमा रहेको जलविद्युत आयोजनामा वित्तीय जोखिम नरहेको ।
- नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने ।
- आयोजनाबाट व्यवसायिक उत्पादन शुरु भई सकेको तथा भविष्यमा पूँजी संकलनको लागि थप हकप्रद शेयर समेत जारी गर्न सकिने हुँदा वित्तीय साधनको अभावबाट कुनै पनि जोखिम नहुने ।

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :
- जलश्रोतको मुहानमा वातावरणमा अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने भएतापनि यस खोलामा बिगत दश बर्षको जलमापनको आधारमा त्यस्तो नदेखिएको ।
- आयोजनबाट विद्युत उत्पादन भईसकेको हुँदा कच्चा पदार्थको अभावबाट कुनै पनि जोखिम नहुने ।

(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :
- हाल सम्म बजारको जोखिम नरहेको ।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिम :
- यस आयोजना समयमै संम्पन्न भएकाले सो सम्बन्धि जोखिम नभएको ।

(ङ) विदेशी विनिमयको जोखिम :
- विदेशी विनिमय दरमा परिवर्तन भएमा मर्मत खर्चमा बृद्धि हुन सक्ने ।

(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्दा सोबाट पर्न सक्ने असरहरु :
- अनुमती तथा इजाजत प्राप्त गर्दा ढिलाई हुन गएमा नयाँ आयोजना निमार्ण कार्यमा ढिलाई हुन सक्ने ।

(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरणका कारणबाट उत्पन्न हुन सक्ने जोखिम :
- अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट शेयर बजारमा असर परेमा शेयर मूल्यमा असर पर्न सक्ने ।

ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :
- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय निति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु
- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिवर्तन भएमा ।
- जलविद्युत उपकरणहरु आयात सम्बन्धी नीतिहरु परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।

(झ) सञ्चालन इतिहासको अभाव :
- आयोजना सफत्तापूर्बक सञ्चालनमा रहेको हुदा जोखिम न्यून रहेको र भबिष्मा निमार्ण गरिने आयोजनामा यस अनुभब लाई संघाल्दै त्रृटि सच्याउदै अझ प्रतिफल मुलक आयोजना निमार्ण गरिने छ ।

(ञ) प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :
- जलविद्युत आयोजना निमार्णको लागि आवश्यक टर्वाइन, पेनस्टक, जेनेरेटर लगायतका विभिन्न उपरकणमा आउने परिवर्तन तथा नयाँ टेक्नोलोजीबाट बिद्युत उपकरणहरु फेज आउट भएमा ।

  उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यवस्थाका साथै आयोजना को आवश्यक संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्युनिकरण गर्न रु २८०,३७९,१५२.५१ अग्नि बिमा र रु ५९,६९३,४३२.०५ को लस अफ प्रोफिटको विमा मिति २०७४/०१/०६ गते सम्म श्री शिखर इन्सुरेन्स कम्पनी लि.मा बीमा गरिएको छ, र बिमाको समयावधि सकियमा पुन बिमा गरिने छ । साथै नयाँ आयोजना कार्यान्वयन गर्दा सहायक कम्पनी गठन गरी जोखिमलाई न्यूनीकरण गरिने छ ।

(ट) अन्य :

- (१) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
- दैबि प्रकोप तथा काबु बाहिरको परिस्थीति उत्पन्न भै आयोजनामा कुनै प्राकृतिक क्षति भएमा आयोजनाको लागत बढ्न सक्ने जोखिम रहेको ।

**संम्भाबित जोखिमहरुलाई न्यूनिकरण गर्न व्यवस्थापनको धारणा :**

नेपाल जलश्रोतको धनी देश भएतापनि विद्युतको माग र आपूर्ति विचको असन्तुलन रहेको छ । मागको तुलानमा आपूर्ति न्यून रहेको हुँदा आयोजनहरुबाट उत्पादित विद्युत विक्री वितरण गर्नको लागि बजारको कुनै समस्य नरहेको हुँदा जोखिम न्यून रहेको देखिन्छ । पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाको अन्य श्रोत भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी नहुने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहेको हँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा जोखीम नरहेको धारणा व्यबस्थापनको रहेको छ । साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनिकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यवस्था गरिएको र आयोजनाका आवश्यक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बीमा गरिएको छ ।आयोजना को आवश्यक संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्युनिकरण गर्न रु २९१,४३२,२५९.८९ अग्नि बिमा र रु ६१,४८४,२३५.०० को लस अफ प्रोफिटको विमा मिति २०७५/०१/०६ गते सम्म श्री शिखर इन्सुरेन्स कम्पनी लि.मा बीमा गरिएको छ, र बिमाको समयावधि सकियमा पुन बिमा गरिने छ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्वन्धी जोखिमः** शेयर मूल्यले सूचीकरण पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

## (ग).९ वित्तिय बिवरण

### (ग).९.क वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण

**(क) संगठित संस्थाको लेखापरिक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब र नगद प्रवाहको विवरण**

**वासलात**

| विवरण | (२०७३ आषाढ मसान्तको) (रु हजारमा) |
|---|---|
| पुंजी तथा दायित्व | |
| शेयर पूंजी | १८९,००० |
| शेयर प्रिमियम | – |
| जगेडा कोष र संचित नाफा | (३,५४८) |
| सुरक्षित दायित्व (दिर्घकालिन बैंक कर्जा) | २५९,५०० |
| असुरक्षित दायित्व | – |
| सण्ड्री क्रेडिटर तथा भुक्तानी गर्नुपर्ने रकम | ६,००४ |
| व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम | २,५०२ |
| प्रतिधारण रकम | ९,८७० |
| छोटो अवधिको बैंक कर्जा | २१,६०० |
| जम्मा | ४८४,९२७ |
| **सम्पत्ति** | |
| खुद स्थिर सम्पत्ति | ४४४,७४२ |
| चालु पुजींगत कार्य(माथिल्लो छन्दीखोला आयोजना) | २३,२०७ |
| लगानी | – |
| **चालु सम्पत्ति** | |
| सण्ड्री डेवटर्स | १०,१२० |
| नगद तथा बैंक मौज्दात | ६०७ |
| अग्रिम भुक्तानी रकम र पेश्कि | ६,२५२ |
| **जम्मा** | ४८४,९२७ |

## नाफा/ नोक्सान हिसाव

| विवरण | **२०७३ आषाढ मसान्त सम्मको)**वास्तविक(रु हजारमा) |
|---|---|
| विद्युत विक्रीवाट आम्दानी | १०,४३२ |
| अन्य आम्दानी | २ |
| **आम्दनी** | १०,४३४ |
| **खर्च** | |
| रोयल्टि | |
| इन्सरेन्स | |
| प्रशासकीय खर्चहरु | २,७६३ |
| कार्य संचालन खर्च | १,३२३ |
| कर्मचारि खर्च | |
| **संचालन मुनाफा** | |
| व्याज खर्च | ७,२४६ |
| ह्रास खर्च | २,६५१ |
| **कर अघिको नाफा** | (३,५४८) |
| बोनश | - |
| आयकर | - |
| **कर तथा बोनश पछिको खुद नाफा** | - |
| अघिल्लो वर्ष सम्मको संचित नाफा | - |
| **बांडफांडका लागि उपलब्ध नाफा** | - |
| प्रस्तावित लाभांश | - |
| **वासलतमा सारिएको नाफा** | (३,५४८) |

## नगद प्रवाह विवरण

| विवरण | **वास्तविक(२०७३ आषाढ मसान्त सम्मको)** (रु हजारमा) |
|---|---|
| **संचालन गतिविधिको नगद प्रवाह** | |
| कर अघिको नाफा | (३,५४८) |
| **जोडने** | - |
| ह्रास कट्टी तथा अपलेखन खर्च | २,६५१ |
| अचल सम्पतिको विक्रीको नोक्सान | - |
| व्याज खर्च | - |
| **घटाउने** | - |
| अचल सम्पतिको विक्रीको नाफा | - |
| लगानीवाट आम्दानी | - |
| **कार्याशिल पूंजीको परिवर्तन अघिको संचालन नगद प्रवाह** | |
| चालु दायित्वमा भएको वृद्धि/(कमी) | (३२,५१३) |
| **कार्याशिल पूंजीको परिवर्तन पछिको संचालन नगद प्रवाह** | - |
| व्याज भुक्तानी | - |
| **संचालन गतिधिबाट खुद नगद प्रवाह (क)** | (१२,५२७) |
| **लगानी गतिधिबाट खुद नगद प्रवाह**<br>ने.वि.प्रा. पावरवण्डमा लगानी | |

| | |
|---|---|
| आवधिक निक्षेपमा लगानी | - |
| ने.वि.प्रा. पावरवण्ड लगानी फिर्ता | - |
| स्थीर सम्पति/ लगानी को बिक्र/(खरिद) | (२,६१४)<br>- |
| नयां परियोजनाहरु | - |
| व्याज र लाभांश प्राप्त | - |
| स्थिर सम्पति र आयोजना थप घट | (१०४,३६८) |
| स्थगन खर्च | - |
| **लगानी गतिधिबाट खुद नगद प्रवाह (ख)** | (१०६,९८२) |
| **<u>वित्तिय गतिविधिबाट नगद प्रवाह</u>**<br>शेयरपूंजीको निष्काशन | ५९,६५२ |
| दिर्घाकालिन ऋण प्रप्ती/ (भुक्तानी) | ५७,३१४ |
| लाभांश वितरण | - |
| अन्य | - |
| **वित्तिय गतिविधिबाट खुद नगद प्रवाह (ग)** | ११६,९६६ |
| **नगदमा भएको कुल वृद्धि/कमी (क+ख+ग)** | (२,५४४) |
| **बर्षन्तमा नगद तथा बैक मौज्दात** | ६०७ |

## नाफा नोक्सान बाँडफाँड हिसाब खाता(२०७३ आषाढ मसान्तको)

| विवरण | वास्तविक (रु हजारमा) |
|---|---|
| अघिल्लो वर्ष सम्मको संचित नाफा/(नोक्सना) | - |
| यो आर्थिक बर्षको नाफा/(नोक्सना) | (३,५४८) |
| जम्मा नाफा/(नोक्सना) | (३,५४८) |

**ख) संचालन अवधि तीन वर्ष ब्यतित भइसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष ब्यतित भइनसकेको अवस्थामा संचालन अवधिभरको लेखापरिक्षण भएको नाफा नोक्सान बासलात सहितको सक्षिप्त विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा)**

### बासलात

| रु. विवरण | वास्तविक (रु हजारमा) | | |
|---|---|---|---|
| | २०७०/०७१ | २०७१/०७२ | २०७२/०७३ |
| पुंजी तथा दायित्व | | | |
| शेयर पूंजी | ८०,३२६ | १२९,३४८ | १८९,००० |
| शेयर प्रिमियम | - | - | |
| जगेडा कोष र संचित नाफा | - | - | (३,५४८) |
| सुरक्षित दायित्व (दिर्घकालिन बैंक कर्जा/ऋण) | १९,४०० | १,९५,०६४ | २५९,५०० |
| असुरक्षित दायित्व | २,८४० | ७,१२२ | |
| <u>चालू दायित्व</u> | | | |
| सण्ड्री केडिटर तथा भुक्तानी गर्नुपर्ने रकम | २,९८५ | ३१,२७९ | ६,००४ |
| व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम | २६१ | १,४९२ | २,५०२ |
| छोटो अवधीको बैंक कर्जा/ऋण | - | ३०,९७२ | २१,६०० |
| प्रतिधारण रकम | - | ८,७४५ | ९,८७० |
| **जम्मा** | १,०५,८१२ | ४,०४,०२२ | ४८४,९२७ |

| | | | |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| खुद स्थिर सम्पत्ति | ६९,८२७ | ३,६३,६०५ | ४४४,७४२ |
| चालु पुर्जीगत कार्य | - | ११ | २३,२०७ |
| लगानी | - | - | |
| **जम्मा स्थिर सम्पत्ति** | **६९,८२७** | **३,६३,६१७** | **४६७,९४८** |
| **चालु सम्पत्ति** | | | |
| सण्ड्री डेवटर्स | ७०८ | २०८ | १०,१२० |
| नगद तथा बैंक मौज्दात | १०,३३७ | ३,१५० | ६०७ |
| अग्रिम भुक्तानी रकम र पेश्कि | २४,९३९ | ३७,०४७ | ६,२५२ |
| **जम्मा चालु सम्पत्ति** | **३५,९८४** | **४०,४०५** | **१६,९७९** |
| **जम्मा** | १,०५,८१२ | ४,०४,०२२ | ४८४,९२७ |

## नाफा नोक्सान हिसाब

| विवरण | वास्तविक (रु हजारमा) | | |
|---|---|---|---|
| | **२०७०/०७१** | **२०७१/०७२** | **२०७२/०७३** |
| विद्युत विक्रीवाट आम्दानी | - | - | १०,४३२ |
| अन्य आम्दानी | - | - | २ |
| कुल आम्दनी | - | - | १०,४३४ |
| कार्य संचालन खर्च | - | - | १,३२३ |
| प्रशासकीय खर्च | - | - | २,७६३ |
| संचालन मुनाफा | - | - | ६,३४८ |
| अन्या खर्चहरु | - | - | - |
| | - | - | - |
| व्याज खर्च | - | - | ७,२४६ |
| ह्रास खर्च | - | - | २,६५१ |
| जम्मा खर्च | - | - | - |
| कर तथा बोनश अघिको नाफा | - | - | (३,५४८) |
| बोनश | - | - | - |
| आयकर | - | - | - |
| कर तथा बोनश पछिको खुद नाफा | - | - | - |
| अघिल्लो वर्ष सम्मको संचित नाफा | - | - | - |
| बांडफांडका लागि उपलब्ध नाफा | - | - | - |
| प्रस्तावित लाभांश | - | - | - |
| वासलतमा सारिएको नाफा | - | - | (३,५४८) |

ग) आर्थिक वर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतिको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरीक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तिय विवरण आ.व २०७३/०७४ को पौष मसान्त सम्मको अपरिष्कृत वित्तिय विवरण

**वासलात**

| **विवरण** | **(२०७३ पौष मसान्तको) (रु हजारमा)** |
|---|---|
| **पुंजी तथा दायित्व** | |
| शेयर पूंजी | १८९,०००।०० |
| शेयर प्रिमियम | - |
| जगेडा कोष र संचित नाफा | ३,३७५।५० |
| सुरक्षित दायित्व (दिर्घकालिन बैंक कर्जा) | २५६,०००।०० |
| असुरक्षित दायित्व | - |
| सण्ड्री केडिटर तथा भुक्तानी गर्नुपर्ने रकम | ४,३०८।९९ |
| व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम | ९४०।२३ |
| प्रतिधारण रकम | ४,३१८।२० |
| छोटो अवधिको बैंक कर्जा | २३,७००।०० |
| जम्मा | ४८१,६४२।९२ |

| | |
|---|---|
| **सम्पत्ति** | |
| खुद स्थिर सम्पत्ति | ४४०,९७४।९७ |
| चालु पुजीगत कार्य(माथिल्लो छन्दीखोला आयोजना) | २६,५९८।५० |
| लगानी | - |
| **चालु सम्पत्ति** | |
| सण्ड्री डेवटर्स | ११,४३८।२३ |
| नगद तथा बैंक मौज्दात | २,२१७।०१ |
| अग्रिम भुक्तानी रकम र पेश्कि | ४१४।२० |
| **जम्मा** | ४८१,६४२।९२ |

## नाफा/नोक्सान हिसाव खाता

| विवरण | **२०७३ पौष मसान्त सम्मको)वास्तविक**(रु हजारमा) |
|---|---|
| विद्युत विक्रीवाट आम्दानी | ३१,३७४।१७ |
| अन्य आम्दानी | |
| **आम्दनी** | ३१,३७४।१७ |
| **खर्च** | |
| रोयल्टि | ६०५।२५ |
| इन्सरेन्स | ५१४।१२ |
| प्रशासकीय खर्चहरु | २,५११।८८ |
| कार्य संचालन खर्च | १,३९६।९४ |
| कर्मचारि खर्च | २,७५४।३२ |
| **संचालन मुनाफा** | |
| व्याज खर्च | १२,२६५।१८ |
| ह्रास खर्च | ४,४०२।८८ |
| **कर अघिको नाफा** | ६,९२३।६१ |
| बोनश | - |
| आयकर | - |
| **कर तथा बोनश पछिको खुद नाफा** | |
| अघिल्लो वर्ष सम्मको संचित नाफा | (३,५४८) |
| **बांडफांडका लागि उपलब्ध नाफा** | |
| प्रस्तावित लाभांश | |
| **वासलतमा सारिएको नाफा** | ३,३७५।५० |

## नगद प्रवाह विवरण

| विवरण | **२०७३ पौष मसान्त सम्मको)वास्तविक**(रु हजारमा) |
|---|---|
| **संचालन गतिविधिको नगद प्रवाह** | |
| कर अघिको नाफा | ६,९२३।६१ |
| **जोडने** | |
| ह्रास कट्टी तथा अपलेखन खर्च | ४,४०२।८८ |
| अचल सम्पतिको विक्रीको नोक्सान | |
| व्याज खर्च | १२,२६५।१८ |
| **घटाउने** | |
| अचल सम्पतिको विक्रीको नाफा | |
| लगानीवाट आम्दानी | |
| **कार्याशिल पूंजीको परिवर्तन अघिको संचालन नगद प्रवाह**<br>चालु सम्पतिमा भएको कमी/(वृद्धि) | ४,५१९।६४ |

| | |
|---|---|
| चालु दायित्वमा भएको वृद्धि/(कमी) | (६,७०७।७९) |
| **कार्याशिल पूंजीको परिवर्तन पछिको संचालन नगद प्रवाह** | |
| व्याज भुक्तानी | (१२,२६५।१८) |
| **संचालन गतिधिबाट खुद नगद प्रवाह (क)** | ९,१३८।३३ |
| **लगानी गतिधिबाट खुद नगद प्रवाह**<br>ने.वि.प्रा. पावरवण्डमा लगानी | |
| आवधिक निक्षेपमा लगानी | |
| ने.वि.प्रा. पावरवण्ड लगानी फिर्ता | |
| स्थीर सम्पति/ लगानी को बिक्र/(खरिद) | (४,०२८।०५) |
| नयां परियोजनाहरु | |
| व्याज र लाभांश प्राप्त | |
| स्थिर सम्पति र आयोजना थप घट | |
| स्थगन खर्च | |
| **लगानी गतिधिबाट खुद नगद प्रवाह (ख)** | (४,०२८।०५) |
| **वित्तिय गतिविधिबाट नगद प्रवाह**<br>शेयरपूंजीको निष्काशन | |
| दिर्घाकालिन ऋण प्रप्ती/ (भुक्तानी) | (३,५००।००) |
| लाभांश वितरण | |
| अन्य | |
| **वित्तिय गतिविधिबाट खुद नगद प्रवाह (ग)** | (३,५००।००) |
| **नगदमा भएको कुल वृद्धि/कमी (क+ख+ग)** | १,६१०।२८ |
| बर्षारम्भमा नगद तथा बैक मौज्दात | ६०६।७३ |
| **बर्षन्तमा नगद तथा बैक मौज्दात** | २,२१७।०१ |

घ) आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण : सो नभएको ।

(ङ) पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको कारोबार, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको धारणा : सो नभएको ।

(च) आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, विवरणपत्र पेश गरेको मितिबाट स्वीकृती हुने मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने : सो नभएको ।

(छ) विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए
(अ) सम्पत्तिको विवरण, (आ) सम्पत्तिको पूनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य,
(ई) पूनर्मल्यांकनको औचित्य,
विगत ५ वर्षमा सम्पत्तिको पुनर्मल्यांकन गरिएको छैन ।

(ज) आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु,

कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

**बासलात**

| रु. विवरण | प्रक्षेपित (रु हजारमा) | | |
|---|---|---|---|
| | **२०७३/०७४** | **२०७४/०७५** | **२०७५/०७६** |
| <u>पुंजी तथा दायित्व</u> | | | |
| शेयर पूंजी | २७०,००० | ३७८,०००।०० | ३७८,०००।०० |
| शेयर प्रिमियम | - | - | - |
| जगेडा कोष र संचित नाफा | ११,६२९।७० | १४,०३६।६० | २,७२७।९७ |
| सुरक्षित दायित्व(दिर्घकालिन बैंक कर्जा/ऋण) | २५१,४९९।४१ | ६११,९९८।७१ | ७९८,७४७।९५ |
| <u>चालू दायित्व</u> | | | |
| व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम | ८,७०३।७३ | १३,०८६।१८ | ५९,१४५।३६ |
| छोटो अवधीको बैंककर्जा/ऋण | - | - | - |

| | | | |
|---|---|---|---|
| प्रतिधारण रकम | - | - | - |
| **जम्मा** | **५४१,८३२।८४** | **१,०१७,१२१।५०** | **१,२३८,६२१।२७** |
| **सम्पत्ति** | | | |
| खुद स्थिर सम्पत्ति | ५११,९३५।८६ | ९२१,२६४।०७ | १,१६४,८८०।०८ |
| चालु पुंजीगत कार्य | - | - | - |
| लगानी | - | - | - |
| **जम्मा स्थिर सम्पत्ति** | **५११,९३५।८६** | **९२१,२६४।०७** | **१,१६४,८८०।०८** |
| **चालु सम्पत्ति** | | | |
| सण्ड्री डेवटर्स | २९,०२९।५१ | ९४,७८९।१८ | ७२,५३०।९९ |
| नगद तथा बैंक मौज्दात | ८६७।४७ | १,०६८।२५ | १,२१०।२० |
| अग्रिम भुक्तानी रकम र पेश्कि | - | - | - |
| **जम्मा चालु सम्पत्ति** | | | |
| **विविध खर्चहरु (अपलेखन गर्न बाकी)** | - | - | - |
| **जम्मा** | **५४१,८३२।८४** | **१,०१७,१२१।५०** | **१,२३८,६२१।२७** |

## नाफा नोक्सान हिसाब

| विवरण | अनूसुची | प्रक्षेपित(रु हजारमा) | | |
|---|---|---|---|---|
| | | **२०७३/०७४** | **२०७४/०७५** | **२०७५/०७६** |
| विद्युत विक्रीवाट आम्दानी | १ | ५९,६९३।४३ | ६१,४८२।४३ | ११२,५२५।१५ |
| अन्य आम्दानी | | - | - | - |
| **आम्दनी** | | **५९,६९३।४३** | **६१,४८२।४३** | **११२,५२५।१५** |
| विद्युत विक्रीको रोयल्टी | | १,१९३।८७ | १,२२९।६५ | २,२५०।५० |
| इन्स्योरेन्स | | ७६७।९० | १,३८१।९० | १,७४७।३२ |
| कार्य संचालन खर्च | २ | १,९६६।३० | २,६६४।१८ | ३,११९।३७ |
| प्रशासकीय खर्च | २ | ४,२०५।५३ | ४,४९९।९२ | ४,८१४।९१ |
| कर्मचारि खर्च | | ४,७९६।१७ | ५,१३१।९० | ५,४९१।१३ |
| व्याज खर्च | | २२,४७६।५४ | २१,६७८।०५ | ४५,६९६।७४ |
| ह्रास खर्च | ३ | ८३४।८४ | ७००।८८ | ५५८।९२ |
| एमोटाइजेसन | ३ | ७,९७०।९१ | ७,९७०।९१ | २१,८२५।०७ |
| **जम्मा खर्च** | | **४४,२१२।०७** | **४५,२५७।३९** | **८५,५०३।९६** |
| **कर तथा बोनश अघिको नाफा** | | **१५,४८१।३६** | **१६,२२५।०४** | **२७,०२१।१९** |
| बोनश | | ३०३।५६ | ३१८।१४ | ५२९।८३ |
| आयकर | | - | - | - |
| **कर तथा बोनश पछिको खुद नाफा** | | **१५,१७७।८१** | **१५,९०६।९१** | **२६,४९१।३६** |
| अघिल्लो वर्ष सम्मको संचित नाफा | | (३,५४८।११) | ११,६२९।७० | १४,०३६।६० |
| **बांडफांडका लागि उपलब्ध नाफा** | | ११,६२९।७० | २९,४०६।९१ | ४०५२७।९६ |
| प्रस्तावित लाभांश | | - | १३,५००।०० | ३७,८००।०० |
| **वासलतमा सारिएको नाफा** | | ११,६२९।७० | १४,०३६।६० | २,७२७।९७ |

## नाफा नोक्सान बाँडफाँड हिसाब खाता

| विवरण | प्रक्षेपित (रु हजारमा) | | |
|---|---|---|---|
| | **२०७३/०७४** | **२०७४/०७५** | **२०७५/०७६** |
| यस वर्षको खुद मुनाफा | **१५,१७७।८१** | **१५,९०६।९१** | **२६,४९१।३६** |
| गत वर्षको मुनाफा | (३,५४८।११) | ११,६२९।७० | १४,०३६।६० |
| **जम्मा** | **११,६२९।७०** | **२९,४०६।९१** | **४०५२७।९६** |
| जगेडा कोष | - | - | - |
| लाभांश वितरण | - | १३,५००।०० | ३७,८००।०० |
| सञ्चित नाफा/(नोक्सान) | **११,६२९।७०** | **१४,०३६।६०** | **२,७२७।९७** |
| **जम्मा** | **११,६२९।७०** | **१४,०३६।६०** | **२,७२७।९७** |
| शेयर संख्या | २७०० | ३७८० | ३७८० |
| प्रतिशेयर आम्दानी | **५।६२** | **४।२१** | **७।०१** |

वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरु आम्दानी तथा खर्चहरुको बिवरणहरु यसप्रकार छ ।

अनुसूचि १ : विद्युत विक्रीबाट आम्दानी

| **विवरण** | **आ.व. ७३/७४** | **आ.व. ७४/७५** | **आ.व. ७५/७६** |
|---|---|---|---|
| सुख्खा याम | १६,१०४,८७२।८ | १६,५७०,३३१।५ | ४२,१५०,४९६।४ |
| वर्षा याम | ४३,५८८,५५९।३ | ४४,९१२,०९८।६ | ७०,३७४,६५५।५ |
| **जम्मा** | **५९,६९३,४३२।१** | **६१,४८२,४३०।१** | **११२,५२५,१५१।९** |
| | | | |

| दर तथा युनिट | | | |
|---|---|---|---|
| मौसम | महिना | कन्ट्रायक इनर्जी | विक्री दर |
| वर्षा याम | श्रावण | १,३९९,२९७।०० | ४।८ |
| वर्षा याम | भाद्र | १,३९९,२९७।०० | ४।८ |
| वर्षा याम | असोज | १,३९९,२९७।०० | ४।८ |
| वर्षा याम | कार्तिक | १,३५४,१५८।०० | ४।८ |
| वर्षा याम | मंसीर | ९१९,५३४।०० | ४।८ |
| सुख्खा याम | पुस | ७२२,३४४।०० | ८।४ |
| सुख्खा याम | माघ | ५०१,७९१।०० | ८।४ |
| सुख्खा याम | फाल्गुन | ३७८,९०७।०० | ८।४ |
| सुख्खा याम | चैत्र | २५८,७९३।०० | ८।४ |
| वर्षा याम | बैशाख | ३२२,६४४।०० | ४।८ |
| वर्षा याम | जेष्ठ | ५८४,९३३।०० | ४।८ |
| वर्षा याम | आषाढ | १,४४४,४३५।०० | ४।८ |

**नोटः** व्यापारिक उत्पादन शुरु हुने मिति बाट एक बर्षपुगेको महिनाको लगत्तै पछिल्लो महिनादेखि लागु हुनेगरी प्रत्येक वर्षको लागि ३ प्रतिशतका दरले ५ पटक सम्म मुल्यबृद्धि हुने छ । साथै अतिरिक्त उर्जाको हकमा माथि उल्लेखित खरिद दरको ५० प्रतिशतमा बिक्री गर्नेछ ।

अनुसूचि २ रकम रु. हजारमा

| **क. प्रशासनिक खर्च (हेड अफिस)** | आ.ब ७३।७४ | आ.ब ७४।७५ | आ.ब ७५।७६ |
|---|---|---|---|
| **बिवरण** | | | |
| घर भाडा खर्च | ६१६।३२ | ६५९।४६ | ७०५।६२ |
| बिद्युत महशुल खर्च | १५४।०८ | १६४।८७ | १७६।४१ |
| छपाई तथा मसलन्द खर्च | ५१।३६ | ५४।९६ | ५८।८० |
| फ्याक्स खर्च | ४१।०९ | ४३।९६ | ४७।०४ |

| | | | |
|---|---|---|---|
| टेलिफोन खर्च | १५४०८ | १६४८७ | १७६४१ |
| इँन्धन खर्च | ५१३६० | ५४९५५ | ५८८०२ |
| सवारी साधन खर्च | २०५४४ | २१९८२ | २३५२१ |
| बिज्ञापन खर्च | ७७०४ | ८२४३ | ८८२० |
| अतिथि खर्च | १०२७२ | १०९९१ | ११७६० |
| कार्यालय खर्च | २५६८० | २७४७८ | २९४०१ |
| बैठक खर्च | २९९६० | ३२०५७ | ३४३०१ |
| यात्रा खर्च | ३५९५२ | ३८४६९ | ४११६१ |
| भान्सा खर्च | १२८४० | १३७३९ | १४७०१ |
| लेखापरिक्षण खर्च | ४२८०० | ४५७९६ | ४९००२ |
| बोर्ड सेकेटरि खर्च | ८५६० | ९१५९ | ९८०० |
| कार्यालय मर्मत खर्च | ३८५२० | ४१२१६ | ४४१०२ |
| बित्तीय परामर्स खर्च | १९२६० | २०६०८ | २२०५१ |
| विविध खर्च | १५४०८ | १६४८७ | १७६४१ |
| **जम्मा** | **४२०५१३** | **४,४९९१९** | **४,८१४१९** |
| **ख.कार्यसंचालन खर्च (साईट अफिस)** | | | |
| बिद्युत महशुल  खर्च | १०७८६ | ११५४१ | १२३४८ |
| छपाई तथा मसलन्द खर्च | ३५९५ | ३८४७ | ४११६ |
| फ्याक्स खर्च | ३५९५ | ३८४७ | ४११६ |
| टेलिफोन खर्च | ५३९३ | ५७७० | ६१७४ |
| इँन्धन खर्च | १०७८६ | ११५४१ | १२३४८ |
| सवारी साधन खर्च | १७९७६ | १९२३४ | २०५८१ |
| बिज्ञापन खर्च | ११९८ | १२८२ | १३७२ |
| अतिथि खर्च | ३५९५ | ३८४७ | ४११६ |
| कार्यालय खर्च | १०७८६ | ११५४१ | १२३४८ |
| सुरक्षा खर्च | १७९७६ | १९२३४ | २०५८१ |
| यात्रा खर्च | १०७८६ | ११५४१ | १२३४८ |
| भान्सा खर्च | १२५८३ | १३४६४ | १४४०७ |
| विविध खर्च | १०७८६ | ११५४१ | १२३४८ |
| मर्मत खर्च | ७६७९० | १,३८१९० | १,७४७३२ |
| **जम्मा** | **१,९६६३०** | **२,६६४१८** | **३,११९३७** |

अनुसूची ३

ह्रास कट्टि तथा एमोटानइजेः रु.(हजारमा)

| बिवरण | दर % | आ.ब.७३/७४ | | आ.ब.७४/७५ | | आ.ब.७५/७६ | |
|---|---|---|---|---|---|---|---|
| | | **मूल्य** | **ह्रास मूल्य** | **मूल्य** | **ह्रास मूल्य** | **मूल्य** | **ह्रास मूल्य** |
| कार्यालय सामाग्रि | २५ | ५७५ | १४४ | ५६७ | १४२ | ४२५ | १०६ |
| सवारि साधन | २० | २,८०० | ५६० | २,२४० | ४४८ | १,७९२ | ३५८ |
| अन्य सम्पति | १५ | ८३१ | १२५ | ७०६ | १०६ | ६०० | ९० |
| सफटेयर | २० | ३२ | ६ | २६ | ५ | २१ | ४ |
| आयोजना(छन्दी खोला साना जलबिद्युत) | १.८ | ४३२,५३२ | ७,९७१ | ४२४,५६२ | ७,९७१ | ४१६,५९१ | ७,९७१ |
| आयोजना(माथिल्लोछन्दी खोला साना जलबिद्युत) | ३ | - | - | - | - | ७४६,१४६ | १३,८५४ |
| जम्मा | - | ४३६,७७१ | ८,८०६ | ४२८,१०१ | ८,६७२ | १,१६५,५७५ | २२,३८४ |

**प्रक्षेपित गरिएको वित्तिय विवरणहरुको गणनाको आधारहरु देहाय वमोजिम रहेको छ :-**

१) धितोपत्र सार्वजनिक निष्कासन गर्ने आधारमा निष्कासन पश्चात आ.व. २०७३/७४ मा शेयर पूँजी रु.२७ करोड पुग्ने प्रक्षेपण गरिएको छ ।

२) आ.ब २०७४/०७५ तथा २०७५/०७६ मा क्रमश ५ प्रतिशत र १० प्रतिशत लाभाँश वितरण गर्ने प्रक्षेपण गरिएको छ ।

३) आ.ब. २०७४/०७५ मा चुत्ता पूँजीको १० : ४० को अनुपातमा हकप्रद शेयर जारी गर्ने प्रक्षेपण गरिएको छ ।

४) विद्युत खरिद बिक्री सम्झौतामा भएको प्रावधान बमोजिम सुख्खा याममा प्रति युनिट रु.८.४० (आठ रुपैयाँ चालिस पैसा मात्र) प्रति युनिट र बर्षायाममा प्रति युनिट रु.४.८० (चार रुपैयाँ असी पैसा मात्र) प्रति युनिट का दरले विद्युत विक्री गर्ने गरी प्रक्षेपण गरिएको छ । साथै व्यापारिक उत्पादन शुरु भएको मिति २०७२।१२।१३ बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुने गरि प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ५ (पाँच) पटकसम्म मूल्यबृद्धि भई विद्युत उर्जा खरीद दर कायम रहने छ ।

५) प्रक्षेपित गरिएको आ.व. मा नेपाल सरकारलाई तिरिने रोयल्टी खर्च २% अनुमान गरिएको छ ।

६) रोयल्टी खर्च बाहेक अन्य संचालन खर्च वार्षिक ७% ले बृद्धि गरिएको छ साथै बिमा र मर्मत खर्च सम्पतिको ०.१५% को दरले प्रक्षेपण गरिएको छ ।

७) बोनस, अपलेखन खर्च तथा रोयल्टी बाहेक कार्यालय संचालन खर्च वार्षिक ७%ले बृद्धि गरिएको छ ।

८) बैंक ऋणको व्याज गणनाका लागि ८.७५ प्रतिशत व्याज दर लिईएको छ ।

## (ग).९.ख वित्तीय अनुपात सम्बन्धी विवरणः

क) संचालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतीत भैनसकेको अवस्थामा संचालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ निम्नानुसार छ ।

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | **२०७०/०७१** | **२०७१/०७२** | **२०७२/०७३** | **२०७३/०७४** | **२०७४/०७५** | **२०७५/०७६** |
| प्रति शेयर आम्दानी | - | - | (१.८८) | ५।६२ | ४।२१ | ७।०१ |
| प्रति शेयर नेटवर्थ (रु.) | - | - | ९८.१२ | १०४।३१ | १०३।७१ | १००।७२ |

ख) विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल:

| विवरण | वास्तविक | | | प्रक्षेपित (रु हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | २०७०/०७१ | २०७१/०७२ | २०७२/०७३ | २०७३/०७४ | २०७४/०७५ | २०७५/०७६ |
| साधारण पूजी | ८०,३२६ | १२९,३४८ | १८९,००० | २७०,०००।०० | ३७८,०००।०० | ३७८,०००।०० |
| शेयर प्रिमियम | - | - | - | - | - | - |
| जगेडा कोष तथा संचित नाफा नोक्सान | - | - | (३,५४८) | ११,६२९।७० | १४,०३६।६० | २,७२७९७ |
| **जम्मा** | **८०,३२५** | **१२९,३४८** | **१८५,४५२** | **२८१,६२९।७०** | **३९२,०३६।६०** | **३८०,७२७९७** |
| अपलेखन गर्न बांकी खर्च | - | - | - | - | - | - |
| **जम्मा नेटवर्थ** | ८०,३२५ | १२९,३४८ | १८५,४५२ | २८१,६२९।७० | ३९२,०३६।६० | ३८०,७२७९७ |
| शेयर संख्या (हजारमा) | ८०३ | १२९,३ | १८९० | २७०० | ३७८० | ३७८० |
| **प्रति शेयर नेटवर्थ (रु.)** | १००.०० | १००.०० | ९८.१२ | १०४।३१ | १०३।७१ | १००।७२ |
| **नेटवर्थमा औषत प्रतिफल (प्रतिशतमा)** | - | - | (४.४२) | ८।०३ | ५।८९ | ७।०१ |

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा निष्काशक कम्पनीले तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि टि एन आचार्य एण्ड कम्पनी का सिएश्री टेकनाथ आचार्य ज्युले प्रमाणित गर्नु भएको छ ।

## (ग).१० धितोपत्र निष्काशन सम्वन्धि बिवरण :

### (ग).१०.(क) धितोपत्र जारी गर्नुको उद्देश्य :

कम्पनीको प्रबन्ध-पत्र तथा नियमावलीमा भएको ब्यवस्था अनुसार सर्वसाधारणहरुको लागि रु.८,१०,००,०००/- रकम बरावर प्रति शेयर अंकित मूल्य रु.१००/- को ८,१०,००० कित्ता साधारण शेयर सर्वसाधारणहरुको निमित्त छुट्टयाइएको छ । यसमध्ये आयोजना प्रभावित (उद्योग प्रभावित) क्षेत्रका स्थानिय बासिन्दाहरुलाई २,७०,००० कित्ता शेयर बाडफाट र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुसार ५,४०,००० कित्ता शेयर सर्वसाधरण छुट्टयाई निष्काशन तथा बिक्री गरी निर्माणका लागि अगाडी बढाइएका आयोजनाको विकासको लागि पूँजी संकलन गर्नु शेयर निष्काशनको मुख्य उद्देश्य रहेको छ ।

(ग).१०.(ख) धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

(क) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिने छ, तत्सम्बन्धी विवरण : निष्काशीत रकम कम्पनी निमार्णधिन यस माथिल्लो छन्दी खोला सना जलबिद्युत आयोजना ४ मे.वा. मा लगानि गर्न प्रयोग गरिनेछ ।

**निष्कासनबाट प्राप्त हुने कुल रकमलाई निम्न अनुसार उपयोग गर्ने कम्पनीको योजना रहेकोछ ।**

| सि.नं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | जलविद्युत निर्माण कार्यका लागि (माथिल्लो छन्दी खोला साना जलबिद्युत अयोजना) | ५,४०,००,००० |
| | **जम्मा** | **५,४०,००,०००** |

**धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३ को नियम ९ को उपनियम ३ का ब्यवस्थाहरु :**

क) आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि आवश्यक कार्य हरु अगाडि बढाइ एक बर्ष को अबधि पुरा गरेको ।

ख) प्रचलित कानुन बमोजिम लेखा परिक्षण तथा साधारण सभा संम्पन्न गरेको ।

ग) आफ्नो उद्देश्य अनुसार कारोबार संञ्चालन गर्नका लागि प्रचलित कानुन बमोजिम कुनै निकायबाट इजाजत अनुमति बा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत, अनुमति वा स्वीकृति लिइसकेको ।

घ) संङगठित संस्थाका लागि आवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरि कारखाना भवन, कार्यलय भवन, गोदाम घर तथा अन्य आवश्यक सुबिधा हरु को निमार्ण कार्य सुरु गरिसकेको ।

ङ) उत्पादनको प्रबिधि छनोट गरि उद्योगका लागि आवश्यक पर्ने यन्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गनुपर्ने भएमा टेन्डर आदि गरि खरिद प्रकृया अगाडि बडाइसकेको ।

च) धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्रि प्रबन्धक संग सम्झौता भइसकेको ।

छ) आयोजनाको निमाण अवधिभर कम्पनीको ऋण र पूजीको अनुपात निर्देशिकामा तोकिएको अनुपातमा राख्न सहमत भएको ।

ज) संस्थापकहरुले लिन कबुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भइसकेको ।

झ)परियोजना निमार्णका लागि फइनान्सीयल क्लोजर Financial clousere भइसकेको ।

ञ) जलबिद्युत संस्था भएमा, बिद्युत खरिद सम्झौता गरिसकेको ।

ट) सर्बसाधारणका लागि निश्काशन गर्न लागेको शेयरहरु निर्देशिकामा तोकिए बमोजिम प्रत्याभुति गराएको ।

**माथिल्लो छन्दी खोला सना जलबिद्युत आयोजना (४ मेगावाट) यसै कम्पनी छ्याङ्दी हाइड्रोपावर लिमिटेडको दोश्रो चरणको आयोजनामात्र भएकोले माथि भनिएको धितोपत्र दर्ता तथा बिष्काशन नियमावली, २०७३ को नियम ९ को उपनियम ३ बमोजिमका शर्तहरु पुरा भएको देखिन्छ ।**

**माथिल्लो छन्दीखोला साना जलबिद्युत आयोजना को पछिल्लो प्रगति बिवरण :-**

यस आयोजनाको अध्ययन बाट कुल लागत रु.७५,९९,८३,७२९/- पर्न आउने देखिएको छ जसमध्ये २,६५,९८,५००।०२/- पूँजीगत खर्च भइसकेको छ र यस शेयर संकलन पश्चात प्रप्त हुने ५,४०,००,०००/- रकम यस कम्पनी बाट प्रबर्धित माथिल्लो छन्दीखोला साना जलबिद्युत आयोजना ४ मेगावाट मा लगानि गरिने छ ।यस आयोजना भौतिक प्रगति अर्न्तगत सर्वेक्षण अनुमति प्राप्त गरि प्रारम्भिक बातावरणीय परिक्षण प्रतिबेदन (IEE) को कार्यसुची (ToR) स्वीकृत भएको र पि.पि.ए (PPA) को प्रकृया का लागी श्री नेपाल बिद्युत्त प्रधिकरण र यस कम्पनीका बिच बिद्युत्त शक्ति प्रदान गर्ने उर्जा टेवल तय गरि ग्रिड कन्नेक्सन गर्नु पुर्ब गरिने ग्रिड इम्याक स्ट्डि GIS नेपाल बिद्युत्त प्रधिकरणमा पेश गरि स्वीकृत भईकन्नेक्सन एग्रिमेन्टसमेत पुरा भइसकेको छ,साथै उक्त आयोजनाको डिटेल इन्जीनियरिङ्ग को कार्य भइरहेको छ ।

(ख) शेयर निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा शेयर निष्काशनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्था :

विगतमा अन्य जलविद्युत कम्पनीहरुले सर्वसाधारणमा शेयर निष्कासन गर्दा निष्काशित शेयरहरु भन्दा बढी शेयरको लागि आवेदन पर्ने गरेको छ । कथंकदाचित निष्काशन गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा प्रचलित कानूनको अधिनमा रही सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ती गर्नको लागि बैकल्पिक व्यवस्था गरिनेछ । निष्काशन गरिने साधारण शेयरहरुको ५० प्रतिशत शेयरको लागि श्री ग्लोवल आइएमई क्यापीटल लिमिटेड, जमल, काठमाण्डौंले प्रत्याभूती समेत गरेको छ ।

(ग) आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने :

यस कम्पनीबाट लमजुङ्गको बन्सार तथा फलेनी गा.वि.स.हरु विच भएर वहने छन्दी र घट्टे खोलाको समेत पानी मिसाई आयोजना निर्माण कार्य सम्पन्न भई मिति २०७२।१२।१३ गते देखि संचालनमा रहेको छ ।

(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यवसायिक उत्पादन शुरु हुने अनुमानित मिति उल्लेख गर्नु पर्ने :

यस कम्पनीले निर्माण गरेको दई मे.वा. को छन्दी खोला साना जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न भई मिति २०७२।१२।१३ गते देखि व्यवसायिक उत्पादन गरिरहेको छ ।

(ङ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मुल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससंग सम्झौता भएको भए सो को मूख्य बूंदाहरु :

यस आयोजनाको जलविद्युत केन्द्रमा जडित इलेक्ट्रोमेकानिकल उपकरणहरुको Spare Parts को लागि मात्र फ्रान्सको निर्माता कम्पनी मेकामिडी एचपिपि इन्डीया प्र.लि. (MECAMIDI HPP INDIA PVT.LTD.) संग निर्भर रहनु पर्ने ।

(च) कुनै पार्टीसंग प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण : सम्झौता नगरिएको ।

(छ) उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृती, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगतका बर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :-

आयोजनाको प्रकृति : जलबिद्युत आयोजना

प्रयोगकर्ताःआयोजना बाट उत्पादित बिद्युत शक्ति नेपाल बिद्युत प्रधिकरणको राष्ट्रिय प्रशारण लाइन माफर्त आमसर्बसाधारणहरुले प्रयोग गर्ने ।

प्रतिस्पर्धाःहाल प्रतिस्प्रधी नरहेको

लक्षित समूहःनेपाल बिद्युत प्रधिकरण

उत्पादन क्षमताः कम्पनीबाट निर्माण संम्पन्न भई संचालनमा रहेको छन्दी खोला साना जलविद्युत आयोजनाको बिद्युत उत्पादन क्षमता २ मे.वा. (२००० कि.वा.) रहेको छ । र निमार्णधिन रहेको माथिल्लो छन्दी खोला साना जलबिद्युत आयोजनाको बिद्युत उत्पादन क्षमता ४ मे.वा. (४००० कि.वा.) रहेकोछ ।

(ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत : लमजुङ्गको बन्सार र फलेनी गा.वि.स हरु विच भएर वहने छन्दी र घट्टे खोलाको पानी ।

(झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत : लमजुङ्गको बन्सार र फलेनी गा.वि.स हरु विच भएर वहने छन्दी र घट्टेखोलाको पानी ।

(ञ) सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नुपर्ने ।

| | | |
|---|---|---|
| अ) निष्काशन तथा विक्री प्रबन्धकलाई दिइने शुल्क : रु. २,५०,०००।- | | |
| आ) ट्रष्टि (डिबेन्चर निष्काशनको हकमा) | : | निष्काशन गरिने डिबेन्चर नभई साधारण शेयर भएकोले ट्रष्टि राख्नु नपर्ने । |
| इ) प्रत्याभुतिकर्ता शुल्क | : | १०,००० । |
| ई) विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क | : | छैन । |
| उ) लेखापरिक्षकको शुल्क | : | अनुमानित आर्थिक विवरण प्रमाणित गरे बापत शुल्क रु ४५,०००/–(भ्याट समेत) |
| ऊ) दरखास्त तथा रकम संकलन गरेवापत तिर्नु पर्ने सेवा शुल्क | : | शेयर निष्काशन तथा विक्री गर्दा प्राप्त हुने दरखास्त संख्या, संकलित रकम शेयर तथा बाँडफाँडको आधारमा संझौता बमोजिम हुने रकम । |

**(ग).१०.ग. सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्नु पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्वन्धी बिवरण :** छैन ।

**(ग).१०.घ. प्रिमियममा धितोपत्र जारी गर्नु पर्ने भएमा (कारण र औचित्य):** नभएको ।

## (ग).१०.ङ धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरणः

क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रक्रिया :

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर खरिदको प्राप्त आवेदनहरु धितोपत्र बाँडफाँट निर्देशिका, २०६८ मा भएको प्रावधान अनुसार आवेदकलाई धितोपत्र बाँडफाँट गरिनेछ । यसरी बाँडफाँट पश्चात *प्रचलित* धितोपत्र दर्ता तथा निष्काशन नियमावली, *२०७३* अनुसार निर्धारित अवधिभित्र बाँडफाँटमा परेका शेयरधनीहरुलाई साधारण शेयर सूचिकरण भए पश्चात सम्बन्धीत आवेदकले आवेदन फारममा उल्लेख गरेको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था मिलाइनेछ ।

ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :

यस विवरण-पत्र अनुसार जारी गरिएको साधारण शेयरहरुको बिक्री बन्द भएको मितिले धितोपत्र बाँडफाँट निर्देशिका, २०६८ मा भएको व्यवस्था अनुसार निर्धारित समय भित्र शेयरको बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत र अस्वीकृत भएको व्यहोरा जनाईएको बाँडफाँड-पत्र र फिर्ता भुक्तानी रकम बुझाएको स्थानबाट नै फिर्ता भुक्तानी हुने व्यवस्था गरिनेछ । यदी आवेदकको बैंक खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थाले बाँडफाँडमा नपरेको रकम सिधै सम्बन्धित आवेदकको बैंक खातामा जम्मा गर्न मानेमा सोझै खातामा जम्म हुनेछ ।

ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाइ भएमा दिइने ब्याजदर :
धितोपत्र निष्कासन निर्देशिका, २०६५ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँटपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिनेछ ।

घ) धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :
निष्कासन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्कासन निर्देशिका, २०७३ तथा प्रचलित शेयर बाँडफाँट सम्वन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सम्बन्धीत निकायमा सूचिकरण पश्चात सम्बन्धीत आवेदकले आवेदन फारममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँटमा परेको शेयर वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

ङ) धितोपत्र सूचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोबार शुरु हुनको लागि संगठित संस्थाले पुरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण :नभएको ।

च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरुप्रचलित ऐन, नियम अनुसार सहज खरीद विक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :

नेपाल स्टक एक्सचेन्जमा हाल जस्तै प्रचलित सूचीकरण सम्बन्धी व्यवस्था अनुसार सूचीकरण गराई शेयर खरीद बिक्रीको व्यवस्था मिलाइने छ ।

## (ग).१०.च प्रत्याभूती सम्बन्धी विवरणः

क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभुति गर्ने धितोपत्रको संख्या र रकम :

प्रत्याभूतिकर्ताः ग्लोवल आइएमई क्यापीटल लिमिटेड जमल, काठमाण्डौं ।

प्रत्याभूति गरिएको धितोपत्रको संख्याः२,७०,०००कित्ता

रकमः२,७०,००,०००

ख) धितोपत्र प्रत्याभूतिकर्ता सँग गरिएको सम्झौताको मूख्य बूँदाहरु :

सम्झौताका मूख्य बूँदाहरुः

प्रथम पक्षले निष्काशन गर्न लागेको रु १०० अंकित दरले ५,४०,००० कित्ता शेयरमध्य निम्ननुसारको शेयर संख्या देहायअनुसार को शर्त तथा कबुलियतमा प्रत्याभुति गर्न सहमत भई दुबै पक्षको मञ्जुरिले यो शेयर प्रत्याभुति को सम्झौता गरियको छ ।

- प्रथम पक्षले सर्बसाधरणमा निष्काशन गर्न लागेको रु ५,४०,००,००० रकम बराबरको शेयरमध्य रु १०० अंकित दरका २,७०,००० कित्ता शेयरले हुने २,७०,००,००० प्रत्याभुति कर्ताले प्रत्याभुति गर्न मंञ्जुर गर्दछ ।
- प्रत्याभुतिकर्ता जो नेपाल धितोपत्र बोर्डबाट सदस्यता प्राप्त धितोपत्र ब्यबसायी (मर्चेन्ट बैकर) हुन प्रथम पक्षको २,७०,००० कित्ता शेयर प्रत्याभुति गर्ने गराउने प्रबन्ध गर्न कानुनि रुपमा पुण रुपले सक्षम र आधिकारिक संस्था हो ।
- प्रत्याभुतिकताले प्रथम पक्षको प्रत्याभुति गर्न यस सम्झौता बाट कबुल गरेको शेयर कित्ता सम्मको दायित्व हुनेछ ।
- प्रथम पक्षले २,७०,००० कित्ता शेयर को प्रत्याभुति व्यवस्था गर्न प्रत्याभुतिकता संग यस सम्झौता अनुसार प्रत्याभुति रकम रु २,७०,००,००० मात्र प्रत्याभुति गरेबापदको कमिसन रकम रु. १०,००० प्रत्याभुतिकर्ता लाई सात दिन भित्र प्रदान गर्न प्रथम पक्ष मंञ्जुर गर्दछ । सो कमिसन रकम फिर्ता नहुनेका साथै सो रकममा प्रत्याभुतिकर्ताले नेपाल धितोपत्र बोडलाई दिनुपर्ने ५ प्रतिशत कमिसन रकम समेत संलग्न हुनेछ, यदि शेयर पुर्ण वा आंशिक रुपमा बिक्री नभई प्रत्याभुतिकर्ताले प्रत्याभुतिगरेको

रकम भक्तानि गनुपर्ने अवस्था आयमा भुक्तानि गरेको मिति बाट त्रैमासिक रुपमा ०.२५ प्रतिशतका दरले भुक्तानि गरेको रकम मा थप २ किस्ता प्रत्याभुति शुल्क तिर्न प्रथम पक्ष मंञ्जुर गर्दछ ।

- प्रत्याभुति गरियको शेयर पुण वा अंशिक रुपमा बिक्री नभयमा प्रत्याभुतिकर्ताले माथि बुदा नं३ मा तोकीएको अनुपातमा बिक्री हुन बाकि शेयर प्रथम पक्षले उक्त शेयर बपतको रकम माग गरेबखत खरिद गर्ने छ साथै प्रथम पक्षले समेत शेयरबापतको रकम प्रप्त गरेपश्चात उक्त शेयरको स्बमित्व यथाशिध्र प्रत्याभुतिकर्ता लाई हस्तान्तरण गनुपर्ने छ ।

**(ग).१०.छ आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरुः**

**क) सभामा भाग लिने र मतदान गर्न पाउनेः**

यस विवरण-पत्र बमोजिम शेयर बाँडफाँट भए पश्चात हुन आउने शेयरधनीहरुले शेयर वापतको रकम चुक्ता नगरी कम्पनीको कुनै पनि साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छैनन् ।

**ख) कम्पनीको प्रवन्ध-पत्र तथा नियमावली तथा विवरण-पत्र प्राप्त गर्न वा हेर्न सक्ने ठाँउ :**

- कार्यालय समय भित्र निम्नलिखित स्थानहरु तथा तोकिएको संकलन केन्द्रमा कम्पनीको प्रबन्धपत्र तथा नियमावली र विवरण पत्र निरीक्षण गर्न सकिनेछ ।
  - कम्पनीको रजिष्टर्ड कार्यालय, बागमती अञ्चल, काठमाण्डौं जिल्ला का.म.न.पा वडा नं. २, गैरीधारा, काठमाण्डौं ।
  - शेयर निष्काशन तथा बिक्री प्रवन्धक – ग्लोवल आईएमई क्यापिटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाण्डौं ।

**ग) आवेदन दिंदा पालना गर्न पर्ने शर्त बन्देजहरु :**

(१) कुनै पनि नेपाली नागरिक तथा नेपाली संघ संस्थाले यस विवरण-पत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् । दरखास्त फाराममा दरखास्तवालाले आफ्नो नागरिकता प्रमाणपत्रको नम्बर लगायत अन्य सम्पूर्ण विवरण अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

(२) आवेदन फारम नेपाली तथा अंग्रेजी दुबै भाषामा पूर्णरुपले भर्नुपर्नेछ ।

(३) आमा/बुबा बाहेक अन्य व्यक्ति संरक्षक भई नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिन चाहने दरखास्तवालाहरुले प्रचलित कानून बमोजिम संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(४) दरखास्त दिंदा कम्पनीले तोकेको निर्दिष्ट ढाँचामा आफूले खरिद गर्न चाहेको साधारण शेयर संख्या र त्यसको रकम खुलाई दरखास्त दिनुपर्नेछ । नावालकको हकमा संरक्षक भै आवेदन दिनु परेमा संरक्षकको विवरण समेत विस्तृत रुपमा खुलाउनु पर्नेछ ।

(५) शेयर खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले बैंक तथा वित्तीय संस्थामा रहेको आफ्नो खाता नम्बर, बैंक तथा वित्तीय संस्थाको नाम र ठेगाना स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । नावालकको हकमा दरखास्त दिंदा समेत नावालककै नामको खाता रहेको बैंक तथा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत अनिवार्य रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । साथै आफ्नो खाता नं. उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक तथा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।

(६) सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडलेहितग्राही खाता (Demat Account) मा मिति २०७३चैत्र मसान्तसम्म अनिवार्य रुपमा बैंक खाता अद्यावधिक गर्न निर्देशन गरी सकेको परिपेक्षमा सोही हितग्राही खातामा उल्लेख भएको बैंक तथा वित्तीय संस्थाको खातामा IPS मार्फत फिर्ता भुक्तानी हुने गरी वा आवेदन फारममा उल्लेख गरिएको बैंक खातामा जम्मा हुने गरी एकाउण्टपेयी चेक मार्फत मात्र रकम फिर्ता भुक्तानी दिइने छ । तसर्थ, आफ्नो हितग्राही खातामा बैंक खाता अध्यावधिक नगर्नु भएका हितग्राही खातावालाहरुले आफुले हितग्राही खाता खोलेको सम्बन्धित निक्षेप सदस्य मार्फत आफ्नो नाममा रहेको NepalClearing Houseअर्न्तरगत IPS को सदस्य भएको बैंक तथा वित्तीय संस्थाको खाता नम्बर अद्यावधिक गराउनुहुन ।

(७) आवेदकले आफूले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- का दरले हुन आउने रकम वा सो बरावरको रकम जम्मा गरेको भौचर संलग्न भएको हुनु पर्नेछ ।

(८) एक व्यक्तिले आफूले लिन चाहेको सम्पूर्ण साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा दुई वा दुई भन्दा बढी दरखास्त प्राप्त हुन आएमा सम्पूर्ण आवेदनलाई रद्द गरिनेछ ।

(९) संयुक्त रुपमा साधारण शेयर खरिद गर्न चाहनेले बढीमा दुई जनाको नाममा दरखास्त दिन सक्नेछन् । यसरी संयुक्त रुपमा दरखास्त दिने दरखास्तवालाहरुले शेयर खरिद गर्नका लागि छुट्टै दरखास्त दिन पाईने छैन । संयुक्त रुपमा आवेदन दिंदा आवेदकहरुसंग पत्राचार वा अन्य कुनै कार्य गर्दा आबेदन फारममा पहिलो नाम उल्लेख भएको व्यक्तिसंग गरिनेछ ।

(१०) कम्पनी तथा अन्य संघ संस्थाले साधारण शेयर खरिदका लागि दरखास्त दिंदा संस्था दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि र सम्बन्धित संस्थाको सञ्चालक समितिले साधारण शेयर खरिद गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि सहित कम्पनीको कार्यकारी प्रमुख वा संस्थाको प्रमुखको विवरण अनिवार्य रुपमा समावेश गरेको हुनुपर्नेछ ।

(११) सर्वाजनिक निष्काशनको क्रममा संकलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्त दिन चाहने दरखास्तवालाहरुले शेयर निष्काशन बन्द हुनुभन्दा अघिको मितिमा श्री ग्लोवल आइएमई क्यापीटल लिमिटेडको नाममा एकाउण्टपेयी (A/C Payee) ड्राफ्ट साथ शेयरको दरखास्त फारमा नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी श्री ग्लोवल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाण्डौमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेस गरिनेछ । शेयर विक्री बन्द भएको मितिले पन्ध्र (१५) दिन पश्चात प्राप्त ड्राफ्ट तथा आवेदन फारमलाई बाँडफाँटमा समावेस गरिने छैन ।

(१२) साधारण शेयर खरिद गर्नको लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी कम्पनीले तोकिएको स्थानहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउन सकिनेछ । यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएको संलग्न केन्द्रहरु बाहेक अन्य स्थानहरुमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाइ रद्द गरिनेछ ।

(१३) रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन । सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।

(१४) बाँडफाँटबाट कायम शेयरधनीहरुलाई शेयरकोवितरण आबेदन फारममा उल्लेख भएको हितग्रही खातामा जम्माहुने व्यवस्था मिलाइने छ ।

(१५) रु.५०,००० (पचास हजार) भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिँदा अनिवार्य रुपमा एकाउन्ट पेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।

(१६) उद्योग प्रभावित वासिन्दाहरुलाई छुट्याइएको शेयर लिने शेयरधनीहरुले यस निष्काशनमा पुनः आवेदन दिन पाउने छैनन् ।

(१७) साधारण शेयर खरीदको लागि दरखास्त दिंदा कम्तिमा ५० कित्ता र बढीमा २,७०० कित्ता शेयर खरिद गर्नका लागि दरखास्त दिन सकिने छ । ५० कित्ता भन्दा बढि शेयरका लागि दरखास्त दिंदा १० अंकले भाग जाने संख्यामा दरखास्त दिनु पर्नेछ ।

(१८) आस्वा (ASBA)सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आवेदन फाराम बुझाउन चाहने आवेदक हरुको हकमा सोही संस्थाबाट उपलब्ध गराईने फाराममा उल्लेखित सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । सो सम्बन्धी अन्य प्रकृया तथा शुल्क सम्बन्धी व्यवस्था सम्बन्धित आस्वा (ASBA)सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचनापाटी,वेभसाईट वा राष्ट्रियस्तरको दैनिकमा पत्रपत्रिकमा प्रकाशित गरी तोके बमोजिम हुनेछ ।

## (ग).११ सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :

निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था संगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :

क) संगठित संस्थाको कार्यकारी, अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति : नभएको ।

ख) आधारभूत शेयरधनी : नभएको

ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य : नभएको ।

घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : नभएको ।

ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा : कुनै कारोवार वा सम्झौता गरेको छैन ।

च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसंग लिएको भए उक्त ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : कारोवार गरेको छैन ।

## (ग).१२ विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :

क) विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बूंदाहरु : कम्पनीमा विदेशी लगानी र विदेशी व्यवस्थापन नरहेको ।

## (ग).१३ सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :

क) संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या : निष्काशनकर्ता कम्पनी सूचीकृत संगठित संस्था नभएको ।

ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च,न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कूल दिन र कूल कारोबार भएको धितोपत्र संख्या : नभएको ।

## (ग).१४ पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :

संगठित संस्थाले यस भन्दा अगाडि धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण ।

- हाल सम्म कुनै सार्वजनिक निष्काशन नगरिएको । तर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई शेयर निष्काशन गरी बाँडफाँट गरिएको र विवरणपत्र तथा अन्य विवरणहरमा कुनै फरक नभएको ।

## (ग).१५ परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण :

क) लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :

बिगत तीन आ.ब. को बास्तबिक बितिय बिवरण को लेखापरिक्षण वाई आर.पि एशोसियट्सका चाटर्ड एकाउण्टेन्ट श्री युवराज पाण्डेय् ज्यूले गर्नु भएको छ । उक्त आ.ब.हरुको वासलातको प्रमुख अंश विवरण-पत्रको दफा (ग).९ मा र लेखा परिक्षकको प्रतिवेदन अनुसूची १ मा दिइएको छ ।

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा निष्काशक कम्पनीले तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि टि एन आचार्य एण्ड कम्पनी का सि ए श्री टेकनाथ आचार्य ज्यूले प्रमाणितगर्नु भएको छ ।

प्राथमिक शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु व्यवसायिक संस्था– ग्लोवल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाण्डौले तयार गरेको हो ।

यस प्राथमिक शेयर निष्काशनका लागि निष्काशन तथा बिक्री प्रबन्धकमा ग्लोवल आइएमई क्यापिटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाण्डौलाई नियुक्त गरिएको छ ।

निष्काशन बैंक (Banker to the issue) निम्न बमोजिम तोकिएको छ ।

निष्काशन बैंकहरु :

| *क्र.सं.* | *बैंकको नाम तथा ठेगाना* | *खाता नं.* |
|---|---|---|
| *१* | *ग्लोवल आइएमई बैंक लि. पानीपोखरी, काठमाण्डौं* | ०११०१००११०२८ |
| *२* | *सिटिजन्स बैंक इन्टरनेसनल लि., कमलादी, काठमाण्डौं ।* | *००१००००४९२ CC* |

साथै आवश्कता अनुसार बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

ख) माथी खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसंग भएको सहमतिका मुख्य मुख्य बूंदा तथा शर्तहरु : सो नभएको ।

**(ग).१६ परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :**

संस्थापक शेयरधनीहरुको स्वपूँजी,सञ्चालकहरुबाट लिइएको कर्जा र बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण प्राप्त गरी आयोजना सम्पन्न गरिएको र हाल नियमित आयबाटै कम्पनी र आयोजनाका कामहरु संचालन भै रहेको ।

**(ग).१७ मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा :

- कम्पनीलाई सारभूत रुपमा असर पार्ने गरी हालसम्म कुनै प्रकारको विवाद, मुद्दा मामिला परेको छैन ।

ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :

- संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई मुद्दा विचाराधिन गरिएको छैन ।

ग) विगत पांच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नु पर्ने :

- विगत पांच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको छैन ।

घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :

- सो नभएको ।

**(ग).१८ गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा विक्री प्रवन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु प्रेषित गर्न सक्नेछन् ।

<u>गुनासो सुन्ने अधिकारि:</u>

नाम: दामोदर रायमाझी

पद: प्रमुख मर्चेण्ट बैंकिङ्ग

मोबाइल नं: ९८५११८४९७९, फोन नं. ४२२२४६०,

E-mail : info@gicl.com.np

**(ग).१९ नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :**

- सो नभएको ।

**(ग).२० ऋणपत्र निष्काशन सम्बन्धी विवरण :**

- हालसम्म ऋणपत्र जारी गरी कर्जा लिएको छैन । आवश्यकता अनुसार ऋणपत्र जारी गर्न सकिनेछ ।

**(ग).२१ अग्राधिकार शेयर निष्काशन सम्बन्धी व्यवस्था :**

- हालसम्म अग्राधिकार शेयर जारी गरिएको छैन ।

**(ग).२२. अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण** : सो नभएको ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :–**

**सञ्चालकमा भएको परिवर्तन:** सो नभएको

**लेखापरीक्षकमा भएको परिवर्तन:-** सो नभएको ।

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

- चाँगुनारायण न.पा. ११,, भक्तपुर निवासी वि.कम. सम्मको शैक्षिक योग्यता हासिल गर्नुभएका श्री रमेश कुमार थापा यस कम्पनीको कम्पनी सचिवको रूपमा कार्यरत हुनुहुन्छ ।

**(घ) सार्वजनिक निष्कासन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णयसम्बन्धी विवरण :**

- कम्पनीको मिति २०७२/०५/०१ गते सम्पन्न सञ्चालक समितिको ४ औं बैठकले कम्पनीको प्रबन्धपत्रमा व्यवस्था भए अनुरुप जारी पूँजी मध्ये ३०% शेयर सर्वसाधारणमा (उद्योग प्रभावित जिल्लाका स्थानिय बासिन्दाहरु समेत) बिक्री गर्नुपर्ने प्रावधान अनुरूप अंकित मूल्य रु.१०० दरका ८,१०,००० कित्ता शेयर मध्ये २,७०,००० कित्ता शेयर उद्योग/आयोजनाप्रभाबित सम्पूर्ण लमजुङ्ग जिल्लाका बासिन्दाहरुको लागि र सर्बसाधरण को लागी ५,४०,०००निष्काशन तथा विक्री प्रबन्ध सम्वन्धि सम्पूर्ण कार्य गर्नको लागि यस कम्पनीका कार्यकारी संचालक श्री लाल बहादुर थापालाई अख्तियारी दिने निर्णय गरियो ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :**

-यो आयोजनाबाट प्राप्त हुने आयमा व्यापारिक उत्पादन शुरु भएको मितिबाट १० वर्षसम्म शतप्रतिशत आयकर छुट तथा त्यस पछिको ५ वर्षसम्म ५० प्रतिशत आयकर छुट प्रदान गरिएको छ ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफानोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

- कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१ कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा., वडा नं. २, गैह्रिधारा, काठमाडौं ।

२ धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक- ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नांचघर भवन, जमल, काठमाडौं, नेपाल स्थित कार्यालय ।

**(छ) बोनस शेयरसम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्कासन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज)शेयरवाला, कर्मचारी वा अरू कसैका लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

(१) यस विवरणपत्र अनुसार निष्कासन गरिने ५,४०,००० थान शेयरसर्वसाधारण लगानीकर्ताको लागी निष्कासन गरिएको छ ।

(२)यस विवरणपत्र बमोजिम निष्कासन गरिने शेयरहरु यस विवरणपत्रमा तोकिएको समूहलाई पूरा बिक्री हुन नसकेमा मात्र बाँकी रहेका शेयरहरू प्रचलित कानून बमोजिम विक्री गरिनेछ ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरू, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरू आफूले गर्ने व्यवसायसंग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्णरुपमा पालना गरेको छ र सोही निर्देशनहरूको दायरा भित्र रहि कार्य गरिरहेको र यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरू समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरण–पत्रमार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि यसै विवरण–पत्र अनुसार आवेदन फारमसहित दरखास्त रकम जम्मा गर्ने व्यवस्था गरिनेछ ।

**(ट) विवरण-पत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**

यस विवरण–पत्र तयार पार्ने व्यावसायिक संस्थामा निष्कासन तथा बिक्री प्रबन्धक- ग्लोबल आइएमई क्यापिटल लिमिटेड, जमल, काठमाण्डौं रहेको छ ।

**(ठ) सकारात्मक पक्षहरू :**

- आयोजनाबाट प्राप्त हुने आयमा व्यापारिक उत्पादन शुरु भएको मितिबाट १० वर्षसम्म शतप्रतिशत आयकर छुट तथा त्यस पछिको ५ वर्षसम्म ५० प्रतिशत आयकर छुट प्रदान गरिएको छ ।
- छन्दीखोला साना जलविद्युत आयोजना बाट मिति २०७२/१२/१३ देखि विद्युत उत्पादन सुरु भईसकेको छ।
- कम्पनीसँग दक्ष जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।
- जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।
-

**(ड)शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको नामसारी, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**(ढ) धितोपत्र बिक्री खुल्ला अवधि:**

यस विवरण-पत्रद्वारा निष्कासन गरिएको साधारण शेयरको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट अधिकतम पन्ध्र दिनसम्म हुनेछ । पन्ध्र दिनसम्मधितोपत्र पूरा बिक्री हुन नसकेमा बोर्डको पूर्व स्वीकृति लिई बढीमा पन्ध्र कार्य दिनसम्म म्याद थप गर्न सकिने छ । शेयरको लागि आवेदन लिने कार्य कम्तीमा पांच (५) कार्य दिनको लागि खुल्ला गरिने छ । तर प्रत्येक विकास क्षेत्रमा कम्तीमा एक दरखास्त फाराम तथा विवरणपत्र वितरण र दरखास्त संकलन केन्द्र रहने गरी कम्तिमा १० वटा दरखास्त संकलन केन्द्रको व्यवस्था गरिएमा कम्तीमा ४ कार्य दिन खुल्ला गरिनेछ ।

धितोपत्र निष्काशनको क्रममा बोर्डबाट स्वीकृत भएको विवरणपत्र लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सूचित निर्णय (Informed Decision) मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु निष्कशन तथा बिक्री प्रबन्धक श्री ग्लोवल आईएमई क्यापीटल लि. www.globalimecapital.comतथा निष्काशन कर्ता कम्पनी श्री छ्याङ्दी हाइड्रोपावर लि. www.chpl.com.npप्रत्येकको आफ्नो वेभसाइटमा धितोपत्र विक्री बन्द नभएसम्म राख्ने सम्बन्धी व्यवस्था गरिने छ ।

बोर्डबाट स्वीकृत भएको विवरणपत्र सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु दुई दिन अगाडी सोको एक प्रति (Soft Copy) बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइने छ ।

**(ण) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र अनुसार सर्वसाधारणलाई निष्काशन गरिने शेयरको लागि “क्रेडिट रेटिङ्ग नियमावली, २०६८” को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेड, डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई औषत भन्दा तल आधार जनाउने४प्राप्त गरेको छ । ईक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलियो आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलानात्मक सकारात्मक स्थितिलाई जनाउँछ । क्रेडिट रेटिङ्ग सम्बन्धि विवरण यस विवरणपत्रको अनुसूचिमा संलग्न गरिएको छ ।

**(त) धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३ को नियम ९ को उपनियम ३ का व्यवस्थाहरु:**

- यस कम्पनीले आफ्नो उद्देश्य अनुसारको कारोबार संचालन गरेको एक वर्षको अवधि पुरा गरिसकेको छ ।
- यस कम्पनीको आ.व. २०७२/०७३ सम्मको लेखा परिक्षण तथा आ.व. २०७२/०७३ सम्मको साधारणसभा सम्पन्न गरेको छ ।
- कम्पनीले आफ्नो उद्देश्य अनुसारको कार्य गर्न सम्बन्धित निकायबाट ईजाजत, अनुमति तथा स्वीकृति लिइसकेको छ ।
- कम्पनीले अयोजनाको संचालन गर्नको लागि आवश्यक पर्ने जग्गा खरिद गर्नुको साथै कार्यालय भवन, गोदामघर लगायत आवश्यक पर्ने पूर्वाधारहरुको समेत निर्माण गरिसकेको छ ।
- आयोजनको निर्माण गर्नको लागि उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपूर्जा आदि खरिद गरी विद्युत उत्पादन समेत सुरु गरिसकेको छ ।
- यस कम्पनीले निष्काशन गर्न लागेका धितोपत्रको निष्काशन सम्बन्धी कार्य गर्नेको लागि श्री ग्लोवल आइएमई क्यापीटल लि. संग सम्झौत भैसकेको छ ।
- कम्पनीले निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात निर्देशिकमा तोकिएको अनुपातमा राख्न सहमत भएको छ ।
- संस्थापकहरुले लिन कवुल गरेको धितोपत्रको रकम शत प्रतिशत भुक्तानी भइसकेको छ ।
- यस कम्पनीले निर्माण गरेको परियोजनको फाइनान्सियल क्लोजर (Financial Closure) भैसकेको छ ।
- यस कम्पनीबाट उत्पादन गरेका बिद्युत बिक्री तथा वितरण गर्नको लागि श्री नेपाल विद्युत प्राधिकरण संग सम्झौता गरिसकेको छ ।
- सर्बसाधारणका लागि निश्काशन गर्न लागेको कुल शाधारण शेयरहरुको ५० प्रतिशत शेयरको प्रत्याभुति गराएकोछ ।

**(ग).२३ संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत :**

| क्र.सं. | नम | पद | दस्तखत |
|---|---|---|---|
| १. | क्याप्टेन रामेश्वर थापा | अध्यक्ष | |
| २. | श्री अमर नाथ श्रेष्ठ | संचालक | |
| ३. | श्री राजेन्द्र बहादुर सिंह | संचालक | |
| ४. | श्री उदय कुमार पिया | संचालक | |
| ५. | श्री अशोक बुढाथोकी | संचालक | |
| ६. | श्री मन्दिल प्रधान | संचालक | |
| ७. | श्री लाल बहादुर थापा | कार्यकारी संचालक | |

**(ग).२४ निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेनस् सर्टिफिकेट) को प्रति : संलग्न गरिएको ।**

बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति निम्नानुसार रहेको छ ।

**मिति : २०७३/११/११**

**चलानी नं.:......./०७३/७४**

**श्री नेपाल धितोपत्र बोर्ड,**
**जावलाखेल, ललितपुर ।**

**बिषय : <u>ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।</u>**

**महोदय,**

काठमाण्डौ जिल्ला का.म.न.पा. वडा.नं २, समता मार्ग, काठमाण्डौमा रजिष्टर्ड कार्यालय रहेको छ्याङ्दी हाइड्रोपावर लिमिटेडले सार्वजनिक निष्कासन गर्न लागेको रु.१००।– अङ्कित दरका ५,४०,००० कित्ता थान साधारण शेयर निष्कासन तथा बिक्री प्रबन्धकको रूपमा सेवा दिन हामी मन्जुर गर्दछौं । साधारण शेयर निष्कासन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था अनुसार साधारण शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्कासन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. कम्पनीको विवरण-पत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारीअनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरूलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुनेदेखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको बिश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ
२. प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरू प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।
३. हाम्रो बिचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।
४. कम्पनीले निष्कासन गर्न लागेको साधारण शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरण-पत्र तथा दरखास्त फारम सरल तरिकाबाट बितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।
५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसँग अनुरूप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

**<u>धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक :</u>**
ग्लोबल आइएमई क्यापीटल लिमिटेडको तर्फबाट
नाम : पारसमणि ढकाल
पदः प्रमुख कार्यकारी अधिकृत
सही : ………………….

कार्यालयको छाप

## (ग).२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र

**T. N. ACHARYA & Co.**
Chartered Accountants

New Baneshwor
Kathmandu, Nepal

Firm Regd. No. 174
Vat Regd. No. 604958035

मिति: २०७३।११।१०

श्री संचालक समिति,
छ्याङदी हाइड्रोपावर लि.
काठमाण्डौ, नेपाल

<u>बिषय: प्रक्षेपित वित्तीय बिवरणको प्रतिबेदन</u>

महोदय,

यहाँको अनुरोधमा हामीले छ्याङ्दी हाइड्रोपावर लि.को आ.ब.२०७३।७४,२०७४।७५ र २०७५।७६ को प्रक्षेपित बित्तिय बिवरणकाको पुनरावलोकन (Review) गरेका छौं । यस प्रतिवेदन, हाम्रो बुझाइमा, छ्याङ्दी हाइड्रोपावर लि. ले सर्वसाधारणको लागि शेयर निष्काशनको निमित्त विवरणपत्र (Prospectus) तयार पार्न प्रस्तुत गर्नेछ । संलग्न प्रक्षेपित वित्तीय बिवरण निम्न कुराहरुमा आधार रहेको जानकारी गराइन्छ :

१. कम्पनीको आ.ब.२०७०।७१,२०७१।७२,२०७२।७३ लेखापरीक्षण भएको बित्तीय बिवरणहरु र ०७३।७४ को पौष मंसान्तको अपरिस्कृत बित्तीय बिवरण ।

२. हामीलाई जनाकारी गराइएको तथा हामीले जानकारी लिएको आवश्यक सूचनाहरु ।

३. कम्पनीले अबलम्बन गरेको लेखा नीतिहरु र

४. अनुसूचि "क" मा प्रस्तुत गरिएको प्रमुख अनुमानहरु ।

उपरोक्त प्रक्षेपण बिगत वर्षहरुको वास्तविक आँकडा तथा आउँदो वर्षको संचालन योजनाको आधारमा कम्पनीको व्यवस्थापनले तयार पारेको हो र हामीले उक्त प्रक्षेपित बिवरण अनुसूचि "क" मा प्रस्तुत गरिएको प्रमुख अनुमानहरु बमोजिम तयार पारिएको छ भनी प्रमाणिकरण मात्र गरेका हौ ।

T. N. ACHARYA & CO. Chartered Accountants Kathmandu

सिए. टेकनाथ आचार्य
बरिष्ठ साझेदार
टि. एन. आचार्य एण्ड कं
चार्टर्ड एकाउन्टेन्ट्स्
काठमाण्डौ



Tel/Fax : 01-4785528, Email: tnacharyaandco@gmail.co
7th Floor, Shree Krishna Sadan, Adjacent to Everest Hotel, New Baneshwor, Kathmandu

ICRA NEPAL

# ICRA Nepal Limited

Ref No: ICRAN/073/074/GRA/025

Date: March 21, 2017

Mr. Amar Nath Shrestha
Director
Chhyangdi Hydropower Limited
Gairidhara, Kathmandu, Nepal

Dear Sir,

**Re: ICRA Nepal Grading of IPO Issue of 540,000 nos. Equity Shares to be issued by Chhyangdi Hydropower Limited to the Public ("Initial Public Offer")**

Please refer to your mandate letter dated 17th January, 2017 for grading the Initial Public Offer of Chhyangdi Hydropower Limited. The Rating Committee of ICRA Nepal, after due consideration, has assigned the **"[ICRANP] IPO Grade 4"**[1] (pronounced ICRA NP IPO Grade Four) grading to the captioned Initial Public Offer programme. This grading indicates below-average fundamentals.

In any of your publicity material or other document wherever you are using the above grading, it should be stated as "[ICRANP] IPO Grade 4". We would appreciate if you can sign on the duplicate copy of this letter and send it to us within 35 days from the date of this letter as a token of your confirmation about the use of this letter. The rationale for assigning the above grading has been enclosed with this letter.

This grading is specific to the terms and conditions of the proposed IPO issue as was indicated to us by you and any change in the terms or size of the IPO would require the grading to be reviewed by us. If there is any change in the terms and conditions or size of the rated IPO, as above, the same must be brought to our notice before the issue of the IPO. If there is any such change after the grading is assigned by us, it would be subject to our review and may result in change in the grading assigned.

ICRA Nepal reserves the right to suspend, withdraw or revise the above grading at any time on the basis of new information or unavailability of information or such other circumstances, which ICRA Nepal believes, may have an impact on the aforesaid grading assigned to you.

The grading, as aforesaid, however, should not be treated as a recommendation to buy, sell or hold the Equity Shares to be issued by you. If the issue graded, as above, is not placed by you within a period of 6 months from date of this letter communicating the grading, the same would stand withdrawn unless revalidated before the expiry of 6 months.

[1] IPO fundamentals are graded on a five point scale from Grade 1 (indicating strong fundamentals) to Grade 5 (indicating poor fundamentals). For the Grading categories 2, 3 and 4, the sign of + (plus) indicates their relative better position within the Grading categories concerned.

Regd. Office :
Sunrise Bizz Park - 6th Floor,
Dillibazar , Kathmandu - 33, Nepal

Tel. : +977 1 4419910/20
Fax : +977 1 4419930

Website : www.icranepal.com
Email : info@icranepal.com

You are required to keep us forthwith informed of any developments (including any default or delay in repayment of interest or principal amount of any debt instruments/ borrowing or proposal for re-schedulement or postponement of the repayment programmes of the dues/ debts) which may have a direct or indirect impact on the grading assigned to the aforesaid IPO programme.

In determining the grading, ICRA Nepal has relied on the information available/made available to it by your company and ICRA Nepal does not guarantee the completeness or accuracy of such information on which the grading is based.

We thank you for your kind cooperation extended during the course of the grading exercise. Should you require any clarification, please do not hesitate to get in touch with us.

With kind regards,

Yours sincerely,

For ICRA Nepal Limited

Deepak Raj Kafle
**Managing Director**

Kishor Prasad Bimali
**Senior Analyst**